

अरुणोदय

नेपाली साहित्यिक द्वैमासिक

शुभ-राज्याभिषेक २०३१ (१९७५) विशेषाङ्क

वर्ष ११] फाल्गुन-चैत्र [अङ्क २

सम्पादकः-

बद्री पोखरेल

मोहन तिमल्सिना

देवीप्रसाद अधिकारी

संरक्षकः-

तोयनाथ पाण्डेय

सहायक डीन-संस्कृत

अध्ययन संस्थान

प्रकाशकः-

श्यामप्रसाद न्यौपाने

सभापतिः- सं० छा० वा०

छात्र कार्य समिति

कार्यालयः-

संस्कृत छात्रावास

तीनधारा, रानीपोखरी

दरबार मार्ग, काठमाडौं

नेपाल

मूल्यः- २।५०

संस्कृत छात्रावास छात्र पुस्तक निकेतन
तपाईंको सहयोगको अपेक्षा गर्दछ।
यसलाई हर तरहले सहयोग गर्नु
चौधै अञ्चलका विद्यार्थीहरूलाई सहयोग गर्नु हो।
यसैले सम्झनु होस्

छात्र पुस्तक निकेतन
संस्कृत छात्रावास

बालकको लालन पालनमा यदि ठीक तरीका अपनाउने हो भने प्यार र ज्ञानको समन्वय नितान्त आवश्यक हुन्छ

— वर्ट्रेण्ड रसेल

"विकारहेतौ सति विक्रीयन्ते येषां न चेतांसि त एव धीराः"
(नाशवान चीज बलिष्ठ हुँदा पनि जसको चित्त त्यसतर्फ प्रवृत्त हुँदैन त्यो नै धैर्य शाली हो।)

— महाकवि, कालिदास

यस अंकमा

कविता:–

शुभाशंसा	पूर्णप्रसाद ब्राह्मण	१
संङ्गना गीत	क्षेत्रप्रताप अधिकारी	२
अरूणोदय	तारानाथ गौतम	२२
सहस्र कामना	विष्णुहरि "विरही"	३७

राज्याभिषेक सम्बन्धी लेख:–

राजा मे प्राण:	प्रा० चूडानाथ भट्टराय	३
शुभ राज्याभिषेक समारोह	प्रा० गोपालनिधि तिवारी	८
वैदिक राजा प्रजा र...	प्रा० ऋषिराम शर्मा पोखेल	११

समीक्षा–समालोचना, लेख:–

अरस्तूको विरेचन सिद्धान्त...	नरहरि आचार्य	१६
साहित्यका मूलभूत विधाका...	प्रा० वासुदेव त्रिपाठी	२२
"झ्यालबाट" बाट देखिएका...	घनश्याम उपाध्याय	२९
मानवतावाद; नेपाली......	गोविन्द खनाल	३३
निबन्धकलामा देवकोटा......	धनञ्जय तिमल्सिना "शास्त्री"	३८
हाम्रो देश–दर्शन	योगी नरहरिनाथ	४२

हास्य व्यङ्ग्य:–

पूरक स्वस्थानी	भैरव अर्याल	४९

कथाः–

मानसपटका नवोदित पालुवाहरू — बद्री पोखरेल — ५३

नाटकः–

मातृ–हृदय — खेमराज "केशवशरण" — ५८

स्थायी स्तम्भ

सम्पादकीय — ६६

अरुणोदय सञ्चालक समितिः–

अध्यक्षः–

रघुनाथ अधिकारी

सचिवः–

तारानाथ गौतम

कोषाध्यक्षः–

श्यामप्रसाद न्यौपाने

सदस्यहरूः–

श्रीभक्त आचार्य

हरि तिमल्सिना

गोविन्द सुवेदी

तेजप्रकाश पण्डित

शुभाशंसा

— पूर्णप्रसाद ब्राम्हण

तेरो दीप्त–प्रदीप्त राष्ट्र–दिवसप्रारम्भ–कार्यक्रम
राजाको अभिषेककार्यविधिमा थप्तै छ यो रंक्रम !
तस्मात् हे अरूणोदय ! प्रकृति त्यो तेरो चिन्यो राष्ट्रले
सक्छस् राष्ट्रिय योगदान दिन तँ प्रत्यग्र आलोकले !

卐

संकुना गीत

– क्षेत्रप्रताप अधिकारी

बिपनामा छेकिए पनि सपनामा देखिन्छ तनहुंसुर
नेटो काटी गएकैं लाग्छ पाइलाभरि टेकिन्छ बन्दिपुर ।
सुसेलीमा सुसाइदिन्छ
बेंसीहरू उठाइदिन्छ
सानो खोला मोदी हजुर
आंखाभरि मायारानी
भाखाभरि शेलो
मुटुभरि रोदी हजुर ।
बिपनामा छेकिए पनि सपनामा देखिन्छ तनहुंसुर
नेटो काटी गएकैं लाग्छ पाइलाभरि टेकिन्छ बन्दिपुर ।
बगी जाने बुढी गंगा
सुकी जाने टारी
काटी ल्याइदेउ कुलो हजुर
टाढा भए कस्तो कस्तो
नजीक पनि टाढा
संकुना पो ठूलो हजुर
बिपनामा छेकिए पनि सपनामा देखिन्छ तनहुंसुर
नेटो काटी गएकैं लाग्छ पाइलाभरि टेकिन्छ बन्दिपुर ।

–०–

राजा मे प्राणः

– प्रा० चूडानाथ भट्टराय
सदस्य
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

आज पनि विश्वमा अनेक राष्ट्र राजतन्त्र मूलक छन् । यहाँ आएर जब व्यापक दृष्टिले अनुसन्धान गरिन्छ अनि त्यहाँ फेला पर्छ समन्वयात्मक रूपमा वंश परम्परागत राज्यारोहण पद्धति । जेठो छोरोले नै पिता पुत्रवान् हुने हुंदा पिताको सर्वस्व ज्येष्ठ पुत्रकै अधिकार हुन्छ । अरू पछि जन्मने पुत्रहरूले दाज्यूको भागबाट अंश पाउँछन् भन्ने पनि शास्त्रमा पाइन्छ । जहाँ राजतन्त्र मूलक राज्य छ त्यहाँ राज्यको उत्तराधिकारी जेठो छोरो नै हुन्छ । यो पनि सार्वभौम व्यवस्था देखिन्छ र यसमा पनि सबैको ऐकमत्य नै छ । पिताको पञ्चत्व प्राप्ति पछि राजसिंहासनारोहण र राज्याभिषेक सर्वत्र आ–आपना परंपरा अनुकूल हुन्छ ।

देश काल परिस्थिति अनुरूप विश्वको वैचित्र्य, प्रकृतिको वैषम्य मूलक सृष्टिको एक प्रक्रिया हो । तर, अनेकतामा समादृत एकता चाँहि आत्माको स्वरूप मानिएको छ । संस्कृति र सभ्यता कृत्रिम कुरा भए–काले त्यसमा देश कालको प्रभाव पर्नु स्वाभाविक हुन्छ । यी परिप्रेक्ष्यमा विचार गर्दा आर्यावर्तको राजतन्त्रका व्यवस्था हामी वेदमा नै पाउछौं । वेद भन्दा माथिको कुरा गर्ने ममा साहस छैन अडकलको भरमा कुरा गर्न भएन त्यस भन्दा पर हेत्वाभास पर्ने हेतुद्वारा अनुमान गर्दा प्रमेयतत्त्व सत्य निस्कने छ भन्न पनि सकिन्न । अनि आप्त वाक्य कै भरमा पर्नु पर्छ

प्रत्यक्ष र अनुमानले साथ नदिए पछि। वेद भन्दा ठूलो प्रामाण्य अर्को छैन भन्ने आर्यहरूको सिद्धान्त छ। वेदलाई कोही ईश्वरकृत मान्छन् कोही अपौरुषेय ठान्छन र कोही मन्त्रद्रष्टा ऋषि रचित भन्छन्। यसको विवाद-मा नपरी म के भन्न खोज्छु भने वेद-लाई वाङ्मयमा सर्व श्रेष्ठ भन्नेहरूमा ऐकमत्यले यसको जुन अनुसन्धान भएको छ त्यो अहिले मेरो महत्वपूर्ण विषय भएको छ।

वेदमा अनुसन्धान गर्दा सामाजिक व्यवस्थाको अनेक रूप देखा पर्छन्. वैराज्य, भौज्य, स्वाराज्य, जारराज्य आदि। तर ती व्यवस्थाबाट भएको परिणामलाई भोगेर राजाको व्यवस्था-मा नै समाज सुसमृद्ध भएको र अरा-जकता हटेको हुंदा राजालाई राष्ट्रको प्राण मानियो र भनियो "राजा मे प्राण:।" मन्त्र र ब्राम्हण दुवैमा वेदले राज्याभिषेकको महिमा गाएको छ। हामी चारै वेदमा राजाको स्तुति पाउँछौं। राजालाई राज्यमा अभिषेक गर्दा गरिने व्यवस्थाको वर्णन पनि पाउछौं। यस पछि स्मृति पुराण काव्यकाल आउँछ। मनु याज्ञवल्क्य राजतन्त्रका दिग्गज समर्थक स्मृतिकार हुन्। पुराणमा राजवंशानुचरित नभई त्यसको स्वरूप नै हुँदैन। अठार पुराण अठार उपपुराण जहाँ पनि राजतन्त्र-को नै परिपुष्टि देखिन्छ। आदि कवि वाल्मीकिले त राजाको मर्यादामा नै त्यस्तो सुन्दर अपूर्व आदि काव्य रचे; जहां राजाको मर्यादा श्रीरामचन्द्रमा अनुप्राणित भएको छ। त्यस्तै महा भारत श्री कृष्ण द्वैपायन 'व्यास' ले पञ्चम वेद नै भनिने ग्रन्थ लेखेर राजा-को दुवै पक्षको स्वरूप देखाए। यसरी हिन्दूको शास्त्रागारमा हामी प्रज्वलित हुने सूर्य चन्द्रको रूपमा राजाको प्रकाश अक्षुण्ण भई भुवनाकाशमा व्याप्त भएको देख्तछौं।

गणतन्त्र पछि टुक्रिदै गएको भारतलाई एक विशाल राष्ट्रमा परिणत गर्न कटिबद्ध हुने आचार्य विष्णु गुप्तले फेरि राजतन्त्रको शंख-घोष गरेर कौटिल्य अर्थ शास्त्र अनुरूप सम्राट् चन्द्र गुप्त मौर्यलाई स्थापना गरेको ऐतिहासिक तथ्य पाइन्छ। त्यस पछि भएका राजाहरूमा सम्राट अशो-कले धर्मचक्र प्रवर्तन गरेर आर्यावर्तको धर्म विश्वव्यापी गर्न अथक परिश्रम गरे यसो हुंदा सनातन धर्म र बौद्ध धर्म राजाकै प्रश्रयबाट आफ्नो अस्तित्व र स्वरूप काम र प्रसार गर्न समर्थ भएको देखिन्छ।

साहित्यले सिद्धान्त प्रतिपादन नगरी जब मनुष्यको हृदयमा नयाँ उन्मेष दिएर भ ने कुरालाई हृदयग्राही गरी स्थायित्व दिन्छ तब नै त्यस साहित्यको मान्यता महिमान्वित हुन्छ। यस सन्दर्भमा हेर्दा कविकुलगुरू कालिदासले जति काव्य नाटक रचना गरेका छन् ती सबैबाट राजतन्त्रको महत्ता प्रतिपादन गरेका छन्। महाकवि कालिदासले राज्यका लागि राजाको अस्तित्व अनिवार्य हुन्छ भन्ने कुरा यति मार्मिक साहित्यिक रूपमा लेखे जुन अध्ययन गर्दा स्वतः सिद्ध हुन्छ। मुख्य राजाको अन्वर्यता प्रकृति रञ्जनबाट सिद्ध गरेका छन् 'राजा प्रकृति रञ्जनात्" भनी राज धातुको पाणिनिको अनुसार निरूक्ति गरेर। अरू साहित्यकारलाई छाडेर म कालिदासको दृष्टिकोणको मात्र झलक दिन्छु है !

वैवश्वत मनुलाई आदिराज मान्ने यिनी मनुस्मृतिका पूर्णज्ञाता र महाभारतका पूर्ण अध्येता थिए। रघुवंश महाकाव्य लेखेर यिनले राजाका अनेक रूप एकै वंशमा कसरी देखा पर्छ भन्ने प्रतिपादित गरेर काव्यलाई अध्येतव्य पारिदिएका छन्। कठोर परिश्रमी राजदिलीप महाप्रतापी विश्वजयी राजा रघु, पत्नी-प्राण प्रेमी राजा अज कामुक सम्राट् राजा दशरथ, मर्यादा पुरूषोत्तम राजा राम तथा विलासमग्न राजा अग्निवर्णको विशद चरित्र चित्रण हामी रघुवंशमा पाउछौं। वर्णाश्रमको व्यवस्थाका पक्षपाती कालिदासको चरित्रनायक रघुवंशमा रघु नै हुन्। उनले रामलाई भन्दा रघुलाई महत्त्व दिए। हुनत रावण मार्न राम विष्णुको अवतार भई जन्मेको प्रसंग महाकाव्यमा छुटेको छैन। तथापि रघुको दिग्विजय महान् भारतक सीमा निर्धारित गर्छ राष्ट्रलाई एकीकरण गर्ने उद्देश्यले भने रामको समुद्र पारको विजय सीता हरणको प्रतिशोध मूलक मात्र हो भन्ने कुरा गडेर पढ्ने हो भने रघुवंशमा स्पष्ट पाइन्छ। रघुलाई श्री ५ पृथ्वीनारायण शाहको रूपमा हामी नेपालीले मान्नु पर्छ भने राम यहाँ आएर मुकुन्दसेन नै त होइन तर त्यस्तै जस्ता हुन्छन् विजित राज्यलाई व्यवस्था नगरी छाडेर लंका विभीषणको जिम्मा मै छाडेर आउने हुंदा। रघुले पनि जितेर फेरि त्यहीं तिनलाई स्थापना गरेका छन् तर उत्खात प्रतिरोपित तिनीहरू धान झैं धेरै फल दिने भएका छन्। उनका आदर्श रघु छन् भने अग्निवर्णलाई उनले राजयक्ष्म ठानेका छन् राजतन्त्रका।

कालिदासको विश्वविख्यात नाटक "अभिज्ञान शाकुन्तम्" मानवी हृदयको प्रणय कथाको ढुकढुकी हो जसको समुचा अध्ययन गर्ने भए जीवननै रसमय बन्छ। त्यहाँ के छैन ? आर्य संस्कृतिको त्यो ढुकुटी भन्न अत्युक्ति हुँदैन। स्त्री हृदयको परिचय, तपोवनको महत्ता र त्यहाँ भित्र लुकेको कमजोरी, पुरूष प्रणयको परिणाम ऋषिहरूमा रहेको धैर्य गाम्भीर्य र विद्वानको राजालाइ पनि कपार्न सक्ने निःस्वार्थता आदि। तर ती सबैलाई उछिनेर राजाको कर्तव्यपरायणता सर्वोपरि छ। राजतन्त्रमा विद्वान दास जसता हुँदैनन् उनीहरू परेको वेला राजाकै सामुमा पनि यसरी गड्कन्छन् "मूर्च्छन्त्यमी विकाराः प्रायेणै श्वर्यंमत्तेषु"। शकुन्तलालाई राजाले प्रत्याख्यान गरे पछि कण्वशिष्यले माथिका वाक्य भनेका हुन्। राजाको जिम्वा छाडेर नै माइती फर्किन्छ फिर्ता लाँदैन 'प्रभुता सर्वसोमुखी' भनेर।

पछि अभिज्ञानले राजा शोकाकुल छन् विह्वल छन् शकुन्तलाको चित्रमा आफू समर्पित छन्। प्रेमको आगोले पिल्स्याएको छ त्यसबेला मालति पाउँछन् इन्द्रको सन्देश लिएर संरक्षण गर्नु पर्‍यो भनी राजा यवनीसंग धनुवाण लिएर तुरून्त हिंडिहाल्छन् लड्न स्वर्गतिर मन्त्री सम्मलाई भेट्न फुर्सद रहदैन। उनको क्षत्रियको अहन्त्व च्युकि हाल्छ— "क्षतात् किलत्रायत इत्युदग्रे क्षत्रस्य शब्दो भुवनेषरूढः" भन्ने कुरा। जति भने पनि पुग्दैन राजालाई उठान गरिएको कविकर्ममा त्यहाँ। राजा प्रजाको जे पनि हो, यो कुरा दुष्यन्तको मुखले भनाउछन् यसरो—

येन येन वियुज्यन्ते स्वे प्रजाः स्वेन कर्मणा।

स स पापादृते तासां दुष्यन्त इति घुष्यताम्॥ यसरी क्याली पिटाउने राजा छन् दुष्यन्त पनि त्यो प्रेमको भुमरीमा परेर्दा समेत।

यो स्थाली पुलाकन्याय मात्र हो धेरै अनुसन्धान गरेर जति खाज्यो त्यति पाइन्छ राजतन्त्रको महिमा कालिदासका कृतिमा। अहिले कालिदास भएका भए रघुवश कै शाहवश लेख्तथे। श्री ५ पृथ्वीनारायण शाहको राष्ट्र निर्माण र एकीकरण रघुको जस्तो हुन्थ्यो राष्ट्रपिता श्री ५ त्रिभुवन उनका लागि राम हुन्थे। राष्ट्रप्राण युगनायक श्री ५ महेन्द्र जसमा राजा

उनले दुष्यन्त पाएका हुन्थे । अरू राष्ट्र नायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव मनुको सिद्धान्तमा वा उनी आदिराज पृथुको रूप पाउँथे भन्ने लाग्छ । लहरै तीनौटा यस्ता राजा रघुवंशमा अरू छैनन् । मौसूफ सरकारको शुभ राज्याभिषेकमा आज वाणी पुत्रहरूले पनि सहर्ष वचनामृतले अभिषिक्त गर्छन् भन्ने जाहेर गर्छु– "राजा मे प्राणः" भनेर ।

–०–

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार

को

शुभ–राज्याभिषेकको पुनीत अवसरमा

मौसूफ सरकारमा

सविनय भक्ति पूर्वक

हार्दिक शुभ–कामना

एन.सी.सी.एन.

शुभ राज्याभिषेकसमारोह

– प्रा० श्री गोपाल निधि तिवारी
वेदान्ताचार्य, एम्० ए०

विश्वको एक मात्र स्वतन्त्र सार्वभौम सत्ता सम्पन्न हिन्दूराज्य नेपालमा वैदिकविधि अनुसार हिन्दु सम्राटको शुभ राज्याभिषेक शान्त, मनोहर र पवित्र वातावरणमा मन्दिरमय प्राचीन राजधानीमा संसारका विभिन्न राष्ट्रहरूका प्रतिनिधिहरूले शोभित यज्ञ भूमिमा संपन्न भएको छ। हिन्दू संस्कृतिको आधारभूत स्रोत 'वेद' संस्कृत विद्याको आत्मा हो। एक जर्मन विद्वानले 'जयतु संसारे संस्कृत विद्या' भनेर 'संस्कृत' लाई विश्वको पेवा मान्नु यस विद्याको ज्ञान तथा विज्ञान सम्बन्धी अक्षय्य भण्डार प्रति अन्वेषणात्मक सुदृष्टि जन्य उदगार प्रकट गर्नु हो। शुभ राज्याभिषेकको मण्डपमा वैदिक विधि विधान संस्कृतबाट हुनु संस्कृतको सजीवता उपयोगिता र गौरव प्रकट हुनु हो।

नेपालमा हिन्दु सम्राट्को छत्र–छायामा विश्वले गम्भीरतापूर्ण अन्वेषण गरिने प्राचीनतम वैदिक सभ्यता अक्षुण्ण रूपमा प्रकाशित छ। शुभ राज्याभिषेकको यज्ञ मण्डपमा उच्च उद्देश्यले भरिएका वैदिक मन्त्रहरूको उच्चारणपूर्वक शान्ति, उन्नति र विकासका प्रतीक जति पनि विधि विधानहरू सम्पन्न भए तिनीहरूले अधिराज्यको सुख, शान्ति र समुन्नतिको निमित्त राजा र प्रजाको दृढ प्रेमबन्धन कसेका छन्।

प्राचीन वैदिक सभ्यताको वेदीमा प्रजातन्त्र फस्टाउन नसक्ने होइन र प्राचीन भन्देमा सूर्य र चन्द्र अनुपयोगी कहिले हुँदैनन् भन्ने तथ्य नेपाली

ध्वजाको आश्रयमा नेपालीहरूले गरेको विकासबाट छर्लङ्गिएको छ । संसारले गहनतम सूक्ष्म वैज्ञानिक अन्वेषण गर्न खोजेको वैदिकनिधि' बाट शान्तिको प्रकाश पाइन सकिने रहस्य यस वैदिक समारोहमा विश्वको एक मात्र स्वतन्त्र हिन्दु राज्यका प्रजाहरूको आकांक्षानुरूप हिन्दु सम्राट्बाट 'शान्तिको क्षेत्र' नेपाललाई बनाउने प्रस्ताव विश्वका मित्रहरूको समक्ष प्रस्तुत गरिबक्सेको बाट राम्ररी खुलेको छ ।

वैदिक आचार, विचार, भेष, भाषाको मनोहर प्रदर्शनमा विश्वको दृष्टि खूब राम्ररी खिचएकोले नेपाली संस्कृतिको आधारभूत स्रोत वैदिक सभ्यता संमानित भएको छ । विहान उठेदेखि बेलुकी सुतुन्जेलसम्म र गर्भ देखि मरणोपरान्तसम्म वैदिक विधि विधानले यिनीहरू शान्तिको उपासना गर्दछन् र मानवतामा देवत्व भर्दछन् भन्ने प्रकाश पनि फैलिएको छ । मुक्तिको साक्षात् हेतु श्रद्धा, भक्ति (स्वात्मतत्त्वानुसन्धान) ध्यान र योग भए झैं शान्तिका साक्षात् हेतु नेपालीले राज–श्रद्धा, राज भक्ति, राज–ध्यान र राज–योग पाएका छन् । कहीं पनि कसैले थिचोमिचो गर्ने र डकैती गर्न लाग्यो भने राजासंग पुकारा गर्न पाइने सनाथताको वरदान नेपालीलाई मिलेकोले 'राजाको जय' नै 'नेपालीको जय' हुन आएको छ । रात दिन नेपालको विकासमा संलग्न राजा पाउनु नेपालीको अहो भाग्य हो । साधुहरूको संरक्षा र दुष्टहरूको विनाश विष्णु भगवान राजाबाट हुन्छ । धर्मको परिपालनको निमित्त कटिबद्ध हुने राजाबाट अनुशासन, मर्यादा र नैतिकताको शिक्षा प्रजाहरूले पाएका छन् । असल काम गर्नेलाई पुरस्कार आदिको प्रबन्धबाट प्रोत्साहन र खराब काम नगर्नेलाई दण्डको भयको प्रबन्धबाट पलायन गराइन्छ । कुनै अल्पसंख्यक वर्गले पनि अनाथ बन्नु परेको छैन । आफ्नो आफ्नो क्षेत्रबाट देशविकास गर्न निर्माणात्मक सुविधा प्रदान भएको छ । शुभ राज्याभिषेकको यज्ञबाट देदीप्यमान भएको ज्योतिले राजाले प्रजालाई ब्रह्म सम्झने र प्रजाले राजालाई परब्रह्म सम्झने पारस्परिक अगाध प्रेमको दृढबन्धन कन् कसिएको छ । यसको प्रत्यक्ष दर्शन नेपालीहरूले शुभ राज्याभिषेक समारोहमा गगनभेदी स्वरले राजाको जय जय' उद्घोष गर्नुबाट विश्वले पाएको छ । नेपालीहरूले राजालाई अगाध श्रद्धा, प्रेम भक्ति, निष्ठा र सद्भावना चढा-

एको देखेर निमन्त्रित मित्रहरूमा मुग्धताको भाव झल्किएको थियो।

नेपालको भूमितिर फर्की, फेरि चारैतिर फर्की आँखा चिम्लदै नमस्कार गरिरहने वा तसवीर खिचिरहने प्राचीनताबाट मुग्ध हुने निमन्त्रित व्यक्तिहरूले शायद संस्कृत वाङमयको मुहान वेद, वेदाङ्ग दर्शन, पुराण, रामायण, महा भारत, दर्शन, स्मृति, चौसट्ठी कलातन्त्र आदिका द्रष्टा आचार्यहरूले यहींका हिमालयादिका कन्दरा आश्रमबाट आह्वान पाएर तिनीहरूको मूर्त तथा अमूर्त गौरव अक्षुण्ण राखेका हुन् भनेर प्राचीनतम बहुमूल्य सांस्कृतिक गवेषणायोग्य वस्तुहरू प्रति आत्मीयता दर्शाएका होलान्। वेदको विभाग गर्ने, महा भारत तथा अठार पुराणहरूको रचना गर्ने, ब्रम्हसूत्रादिको निर्माण गर्ने व्यास, रामायणको रचना गर्ने वाल्मीकि, दर्शनका प्रणेता कपिलादि, स्मृतिका रचयिता याज्ञवल्क्यादि, विदुषि गार्गी आदि, सती शिरोमणि सीता आदि, ज्ञानी कर्मिष्ठ जनकादि, ब्रह्मदर्शन उद्घोषिका हैमवती उमा, आदिका साधना-भूमि तथा पौरस्त्य र पाश्चात्य विद्वानहरूको अन्वेषणकेन्द्र यो नेपालले धर्म संस्थापक विष्णु भगवान राजाको प्रकाश पाएको र संस्कृतको आधार संस्कृतिको श्रीवृद्धिमा तल्लीन भएको प्रत्यक्ष दर्शन शुभ राज्याभिषेकको मण्डपले प्रस्तुत गरेको छ। नेपालका वास्तुकला, मूर्तिकला तथा चित्रकलाका आधारभूत प्राचीन ग्रन्थहरूको संरक्षक विद्वानहरू तथा तान्त्रिकादिहरूको पनि स्मरण यो समारोहले गराएको छ। तन्त्रादि विषयका अनेक ताडपत्रादिहरू र उक्त विद्वान, महर्षि तथा विशेषज्ञहरूले नेपाललाई प्राचीनताको भण्डार प्रमाणित गरेका छन्। बन्धु दत्त आचार्य, विश्वनाथ भट्टाचार्य आदिका समयका तान्त्रिक देवमन्दिरहरू, लिच्छवि समयका प्रौढ संस्कृत रचना, मल्ल समयका विद्वान र विदुषीहरू, श्री ५ बडा महाराज पृथ्वीनारायण शाहका पाला देखिका विद्वानहरूको परम्परा समेतले नेपालको उक्त गौरव राजाको छत्र-छायामा अक्षुण्णतामा पुऱ्याएको देखिन्छ ललिता वल्लभ, शक्ति वल्लभ, चिरञ्जीवी, नीलदेव, वाचस्पति, सुक्तिदत्त, छविलाल, कुलचन्द्र, सोमनाथ, पद्मप्रसाद जस्ता स्वसंस्कृतिका विभूतिहरूले राजाको छत्र-छायामा विद्या-विराम अक्षुण्ण राखे। संस्कृति प्रतिको निष्ठा र त्यसप्रति मूल्यवान र यागदान राजाको निर्भय छत्र-छायामा छाती फुकाएर प्रस्तुत गर्ने सुनौलो अवसर हाम्रो पद्धतिको शुभ राज्याभिषक समारोहले झल्काएको छ।

वैदिक राजा प्रजा र राज्याभिषेक; लघु परिचर्चा

–प्रा० ऋषिराम पोखरेल
(त्रि. वि. सं. अ. सं., वा. क्या.)

"राजा मे प्राणोऽमृतम्" — २०१८ शु० य० वेद
"विशो मेअङ्गानि सर्वत:" — २०१५ शु० य० वेद

वैदिक कालमा राजसत्ता प्रतिको जन आस्थाले राजालाई आफ्नो शाश्वत आत्माको रूपमा ग्रहण गर्दथ्यो भने राजा आफ्ना प्रजाहरूलाई आफ्नै शरीरका अङ्ग प्रत्यङ्गका रूपमा रञ्जन गर्दथे ।

लोक कल्याणकारी राष्ट्र निर्माणको निमित्त प्राचीन कालमा वैदिक धर्मानुयायी ऋषि महर्षिहरूले ठूला ठूला त्याग तपस्याद्वारा आत्मा हुति दिएका कुराको उल्लेख अथर्व वेदको १९।४१।१ मा पाइन्छ। जसको आशय हो– "तत्त्वज्ञ महर्षिहरूले लोक कल्याणको निमित्त आदिमकालमा धेरै किसिमका त्याग, तपस्या एवं आत्मबलिदान दिएको फलस्वरूप राष्ट्र निर्माण हुन सकेको हो । अत: यस्तो ओजस्वी र महत्ताशाली राष्ट्रको नरदेव सबैले नम्रतापूर्वक सेवा गर्नु पर्दछ ।

यस पृष्ठभूमिमा उभिएका वैदिक राज्य व्यवस्थाका विविधरूपहरूको चर्चा ऐतरेय ब्राम्हणादि ग्रन्थमा यत्र–तत्र पाइन्छ । जस अनुसार १३ प्रकारका राज्य व्यवस्थाले वैदिक परम्पराको विशेष मोड (विशिष्ट खास घुम्ती) देखाएका छन् । ती सबैको यहाँ उल्लेख गर्नु प्रासङ्गिक भए पनि

कायिक दृष्टिले अप्रासङ्गिक हुनु असम्भव नहोला ।

वैदिक समयमा यदा कदा राजसत्ताले निस्क्रियता वा अभावप्रायता भएको कैं क्वाचित्क उल्लेख पाइएतापनि सामान्य रूपमा समस्त जनधारणा राजसत्ताप्रति विशेष आस्थावान एवं राजा र प्रजाको शान्ति सुरक्षा अन्योन्याश्रित रहेको पाइन्छ । वैदिक कालका राजाहरूद्वारा "वस्तुत: प्रजाको हरतरहबाट संरक्षण गर्नु मुख्य काम हो ... प्रजामाथि आफ्नो अनावश्यक 'प्रभुता जमाएर (शोषण राज) गर्नु आफ्नै मूलच्छेद गर्नु हो । जनताहरू निश्चयनै मेरो राष्ट्र रूप शरीरका अङ्ग प्रत्यङ्गहरू हुन् । राष्ट्र मेरो मेरूदण्ड किं वा पृष्ठभूमि हो । प्रजाहरूको सही आराधनाले नै मेरो राजसत्ताको जग बलियो हुन्छ । आफु कर्तव्य पालन गर्ने प्रेरणा दिन समर्थ हुन्छु भन्दै सिंहासन चढेर राज्याभिषेक ग्रहण गरिने परम्परा रहेको पाइन्छ ।

निस्कर्षमा राजाको मुख्य आश्रय नै प्रजावर्ग हो किनभने राजाको अनुपस्थितिमा राजाको महत्ता अनिश्चित रहन्छ भन्ने कुरामा वैदिक कालका दीर्घदर्शी राजा र प्रजाको समान आस्था र विश्वास प्रतीकको रूपमा राज्याभिषेकको विशिष्ट महत्व बोध हुन्छ ।

पृष्ठीर्मे राष्ट्रमुदरमसौ ग्रीवाश्च श्रोणी
उरु अरत्नी जानुनी विशो मे अङ्गानि सर्वत:
जङ्घाभ्यां पद्‌यां धर्मोऽस्मि विशिराजा प्रतिष्ठित: ।
— शु० य० वेद २०।८

वैदिक परम्परानुसार ब्राम्हण र क्षत्रिय यद्वा ज्ञानी र शूर वीरको पारस्परिक समन्वय हुनु आवश्यक मानिन्थ्यो र यस्तो सामञ्जस्य भएको राष्ट्र वा देशलाई वैदिक महर्षिहरू आवास योग्य मान्दथे ।

यत्र ब्रह्म च क्षत्रञ्च सम्यञ्चौ चरत: सह
तँल्लोकं पुण्यं प्रज्ञेषं यत्र देवा सहाग्निना
शु० य० वेद २०।२५

यसै तथ्यलाई हृदयङ्गम गरेका तत्त्व द्रष्टाहरूले भनेका हुन् — "राजा मे प्राणोऽमृतम् ।" राजालाई राज्याभिषेक दिंदा राष्ट्र गुरु वा राजपुरोहित-

ले जनताको तर्फबाट यस्तो विश्वास व्यक्त गरिएको पाइन्छ– "ध्रुवोऽच्युत प्रमृणीहि शत्रून्"

"शत्रू यतोऽधरान् पादयस्व"
सर्वा दिश सम्मनसः सध्रीची–
ध्रुवाय ते समितिः कल्पतामिह–
अथर्व ६।८८।३

हे राजन् ? तपाईं राजगद्दीमा स्थिर रहनु भएर राष्ट्रकण्टक शत्रु–हरूको पूर्ण रुपमा विनाश गर्दै जनता-को हितकार्यमो वाधा गर्ने शत्रु तुल्य दुष्टहरूको अधः पतन गराउनु होस्, यसको निमित्त तपाईंलाई दशै दिशा-मा वस्ने सबै जनता अनुकूल होउन् र राष्ट्र समिति (एवं राजसभा) पनि तपाइको सुचिर शासनको अनुकूल रहोस् ।

वैदिक राज्य व्यवस्थाका विभिन्न प्रशासनिक निकायका अधिकारीहरूको उल्लेख गर्दै शतपथ ब्राम्हण (५।३।११) र तैत्तिरीय संहिता (१।८।९।१। ले पनि राजा र प्रजाका पारस्प–रिक सहयोगमा राष्ट्रोन्नति निर्भर हुने कुराको उल्लेख गरेको पाइन्छ । उक्त दुवै वैदिक उल्लेख अनुसार प्राचीन वैदिक राजतन्त्रमा भएका प्रशासनिक निकायका पदाधिकारीहरूको नाम यस प्रकार छ–

१. सेनानी (सेनापति) २. पुरो-हित ३. महिषी ४. सूत ५. ग्रामणी ६. क्षतृ ७. संग्रहितृ ८. भागदुध ९. गोनिकर्तन १०. पालागल (सन्देश वाहक वा दूतः) ।

प्राचीन वैदिककालका यी अधि–कारीहरूको मर्यादा छुट्याउँदै मैत्रा-यणीसंहिता (२।६।५) र (४।३।८) ले यसरी उल्लेख गरेको छ ।

१. ब्रम्हक (पुरोहित) २. राजा ३. महिषी ४. परिवृक्ति (उपेक्षित महिषी) ५. सेनानी ६. संग्रहिता (सारथी वा कोषाध्यक्ष) ७. क्षतृ (धनाध्यक्ष) ८. सूत ९. वैश्य ग्रामणी (ग्राम प्रधान व्यापारी) १०. भागदुध (करसग्रह कर्ता वा भोजनदानाध्यक्ष) ११. तक्ष रथकारो १२. अक्षावाप १३. गोविकर्त (मृगयाध्यक्ष) ।

यस अतिरिक्त पञ्चविंश ब्राह्मण (१९।१।४) मा राजाका निकटतम-मित्र वा सहयोगी (अष्टी वीरा) का नामहरू क्रमशः १. भ्राता २. प्रम ३. पुरोहित ४. महिषी ५. सूत

६. ग्रामणी ७. क्षतृ ८. संग्रहीताका रूपमा उल्लेख गरिएको पाइन्छ। यस सम्बन्धमा पाश्चात्य विद्वान डा० वेबर, हाप, कीन्स, एगलिङ्ग एवं स्वामी दयानन्द सरस्वतीज्यूले गरिएका टीका टिप्पणी र वैदिक आख्यान माला निकै द्रष्टव्य र उपादेय छन्।

यस प्रकार उपर्युक्त सबै विशिष्ट पदाधिकारीहरूको सान्निध्यमा गरिने शुभ राज्याभिषेकको आफ्नै खालको वैशिष्ट्य हुनु वैदिक परम्पराको महनीयताको द्योतक हो।

यस प्रसङ्गमा राज्याभिषेक सम्बन्धी एकाध मन्त्रहरूको चर्चा गर्नु उचित सम्झन्छु– राज्याभिषेकको मममा मुख्याया पढिइने ऋग्वेद दशम मण्डल (१२।१७३) का ५ मन्त्रहरूको विशेष महत्त्व छ।

ती पाँच वटा मन्त्रहरूको सारांश यस्तो छ:–

(१)हेराजन? हामीहरूले तपाईंलाई यो राजसिंहासनमा बसाउँदै छौं, तपाईं यस्मा स्थिर भएर रहनु होस्, कुनै प्रकार अस्थिरता वा चाञ्चल्य नलिनुहोस् सबै प्रजाहरूले तपाईंको शुभशासन रूचाउन्, र तपाईंबाट यो राष्ट्रको उत्थान होस्।

(२) हेराजन ? तपाईं यसै आसनमा रहेर इन्द्र कैं दृढ र पर्वत कैं स्थित भै यो राष्ट्रको सम्यक् संक्षरण र संवर्धन गर्नु होस्।

(३) हे राजन ? यो राज्यलाई तपाईंको सरक्षण त्यसरी नै प्राप्त होस् जसरी यज्ञको संरक्षण इन्द्रबाट प्राप्त छ। यस कुरामा विद्यापति उमाशंकर लगायत सबै बुद्धिजीवी जनताको सामूहिक सम्मति प्राप्त होस्।

(४) हे राजन् ? तपाईंलाई आज देखि दिइएको यो राष्ट्रधारण व्रतको सत्यनिष्ठापूर्वक पालन गर्नमा राजा वरूण, गुरूवृहस्पति, महाराज इन्द्र एवं अग्निदेव लगायत सबै अरू विद्यालयहरूको समेत शक्ति प्राप्त होस्।

(५) हे राजन ? जसरी लोक रक्षा व्रतमा पृथ्वी, आकाश, हिमालयादि पर्वत एवं सम्पूर्ण विश्वब्रम्हाण्ड स्थिर छ त्यसै गरी तपाईं स्थिर रहनु होस्।

अन्त्यमा अथर्ववेद (सू. ३ मं.
११।६) का

राजन् तिमीले अगि बढ्नु पर्छ
यो राजगद्दी विच चढ्नु पर्छ
यो काममा अग्नि र विश्व देव
तिम्रै सुरक्षा रत हुन सदैव ।।
राजा सर्वका तिमी साझदार
यो राष्ट्रका सुन्दर भारदार
तिम्रै प्रजा यी सबको सुचाह
यो राजगद्दी तिमी नै समाल ।।
उत्कर्ष हाम्रो तिमीले गरेमा
सुनाम तिम्रै जगतै भरीमा ।।
तिमी भरी राष्ट्र छ राष्ट्रमा तिमी
तादाम्य सम्बन्ध सधैं रहोस् यही
हे अग्नि देव तिमिता सब घर चाहानें
न्यानो प्रकाश परिपाक समेत गर्ने
संसारमा जसरी मान र खोज
तिम्रो
यो राष्ट्रको मुकुट तत्सम होस्
हाम्रो ।। यी भाव सुमनसंगै
लेखनीलाई विश्राम दिन्छु

। शुभम् ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव
सरकारको
शुभ राज्याभिषेकको महान उपलक्षमा
मौसूफ प्रति हार्दिक अभिनन्दन चढाउँछौं

साझा परिवार

अरस्तूको विरेचन सिद्धान्त एक विमर्श

– नरहरि आचार्य

ग्रीक सभ्यता विश्वका सम्पन्न प्राचीन सभ्यताहरू मध्येको एक उल्लेखनीय सभ्यता हो। यस सभ्यताको धेर थोर प्रभाव विश्व भर नै परे पनि वर्तमान पाश्चात्य जगतलाई भने यसले ठूलो ऋण बोकाएको छ। विश्वको साहित्य संस्कृति र कलाको क्षेत्रमा ग्रीक सभ्यताले प्रदान गरेको सुकरात प्लेटो र अरस्तू सम्पूर्ण पाश्चात्य जगतका लागि नै गौरव पूर्ण प्रतिभा हुन्।

पूर्वीय कला, साहित्य र संस्कृतिको क्षेत्रमा रामायण र महाभारतको जुन कालजयी प्रभाव रह्यो, समय र परिमाणको दृष्टिबाट फरक भए पनि त्यस्तै प्रभाव विभिन्न विषयका ग्रन्थहरूको माध्यमबाट अरस्तूले प्रस्तुत गरेका सिद्धान्तहरूको पाश्चात्य जगतमा रहेको छ। यस कुराको पुष्टि अरस्तूले प्रयोग गरेको यौटा 'विरेचन' शब्दलाई लिएर भएका असङ्ख्य विवेचना र विश्लेषणले पनि स्पष्ट पार्दछ। त्यही विरेचन शब्दको विषयमा यहाँ केही विमर्श गरिन्छ।

साहित्यकारलाई आफ्नो कल्पित गणतन्त्रको संविधानबाट निष्काशन गर्ने आदेश दिने ग्रीक आचार्य प्लेटो पनि 'कविताले मानवमनका वासनात्मक प्रवृत्तिहरूलाई मलजल प्रदान गर्दछ' भनेर नकारात्मक रूपमै भए पनि कविता वा कविकर्मको प्रभावप्रति सजग र सचेत थिए भन्ने कुरा दर्शाउँछ।

यसरी ग्रीक वाङमयको प्रारम्भिक अवस्था देखि नै साहित्य र साहित्यकारका शक्ति र क्षमतालाई स्पष्ट रूपमा महत्त्व दिदैं आएको देखिन्छ। साहित्यकारको सशक्त अभिव्यक्तिले मानव मनका आकर्षक र विकर्षक भावहरूसंग तुरुन्त तादात्म्य राख्न सक्तछ भन्ने गूह्य रहस्य बुझेर प्लेटोले 'शान्तिपूर्ण राज्यका लागि साहित्यकार खतरनाक प्राणी हो' भनेर कयाली पिटाइ दिए भने प्लेटोकै विद्यापीठका मेधावी मस्तिष्क वा उनकै शिष्य अरस्तू (अरिस्तोतलेस) ले– 'दुखान्त नाटक (अरस्तूको आशयमा सर्वोच्च काव्य विधा) कुनै गंभीर, स्वतः पूर्ण तथा निश्चित आयामले युक्त कार्यको अनुकृतिको नाम हो… … जसमा करुणा तथा त्रासको उद्रेकद्वारा यी मनोविकारहरूको उचित विरेचन गरिएको हुन्छ" भनेर कविकर्म (दुखान्त नाटक) लाई मानव मनका अभुक्त इच्छालाई विरेचित गराउने साधन माने।

विरेचन सिद्धान्तलाई व्याख्या गर्ने प्रसङ्गमा उपर्युक्त टिप्पणी वा भूमिकाको आशय के हो भने अरस्तूको विरेचन-सिद्धान्त वास्तवमा प्लेटोले कविता माथि लगाएको आरोपको प्रतिपादकै रूपमा आएको हो।

वैद्यका छोरा अरस्तूले आफ्नो बाल्यकालदेखि नै रेचक औषधिको माध्यमले विकृत उदरलाई विरेचन गराई शुद्ध गराएको प्रक्रिया देखिरहेका थिए। पछि आलोचकको रूपमा काव्यशास्त्र लेख्दा पनि विरेचन (क्याथार्सिस्) शब्दकै प्रयोग उनले गरे। वास्तवमा *Catharsis* शब्द ग्रीक चिकित्सा शास्त्रबाट लिइएको थियो भने विरेचन शब्द पनि हाम्रो आयुर्वेदशास्त्रको उपज हो।

मानिसको अन्तः करणमा बीजरूपमा रहेका अभुक्त इच्छाहरूले सदा सर्वदा उसलाई डसिरहेका हुन्छन्। त्यही डसाइ अनि वेदना र कुण्ठाद्वारा चिथरिइ रहेको मानव हृदयलाई आकर्षक विकर्षक भावनाका प्रतिनिधि करुणा र त्रासद्वारा समन्वित दुःखान्त नाटकले विरेचनद्वारा शान्त र निर्मल गराउन सहायता गर्दछ।

अरस्तूले विरेचन शब्दको प्रयोग दुई ग्रन्थमा गरेका छन्। सङ्गीतको प्रभावको वर्णन गर्ने प्रसङ्गमा राजनीति शास्त्रमा 'विरेचन' शब्दको प्रयोग गरिएको छ भने काव्यशास्त्रमा चाहिं दुःखान्त नाटकको सिलसिलामा।

राजनीति शास्त्रमा प्रयुक्त 'विरेचन' शब्दको टिप्पणीको रूपमा काव्यशास्त्रको विवेचनाको प्रसङ्गमा 'अधिक यथार्थ प्रतिपादन गर्ने' प्रतिज्ञा गरिएको छ, तर काव्यशास्त्रमा भने दुखान्त नाटकको क्रममा मात्र 'विरेचन' शब्दको प्रयोग गरिएको छ। यसरी अरस्तूले विशेष महत्त्व दिएको तर स्वयं अरस्तूद्वारा भने व्याख्या नगरिएको वा गरिएको व्याख्या हाल उपलब्ध नभएको 'विरेचन' शब्दलाई अरस्तूका उत्तरवर्ती व्याख्याताहरूले विभिन्न लाक्षणिक अर्थ गरेका छन्:-

(१) धार्मिक व्याख्या वा धर्मपरक अर्थ (२) नैतिक व्याख्या वा मनोविज्ञानपरक अर्थ (३) कलात्मक व्याख्या वा कलापरक अर्थ

(१) धार्मिक व्याख्या

पाश्चात्य विद्वान लिवीका अनुसार अरस्तूको जीवनकालमै धार्मिक अन्धविश्वासका उद्देश्यहरूको पूर्तिका निमित्त यूनानी दु:खान्त नाटकको प्रचलन रोममा समेत भयो, तर त्यसको उद्देश्य केवल 'महामारीको निवारणका लागि' मात्र थियो।

यूनानको धार्मिक इतिहासको चर्चा गर्दै ग्रीक वाङ्मयका सुप्रसिद्ध विद्वान प्रो० गिल्वर्ट मोरेले पनि अरस्तूद्वारा प्रयुक्त विरेचन शब्दको धार्मिक व्याख्या गरेका छन्। उनको भनाइ छ- गएको भरिको पाप कटनी गर्ने 'दिओन्युसस' (डायोनसिस्) नामक देवतासंग सम्बन्धित उत्सव नै शुद्धिको प्रतीक थियो।' यसै धारणा अनुसार 'पाप विष प्रयोग मृत्यु, दु:संसर्ग आदि जस्ता खराबीवाट शुद्धीकरण गर्नु नै दु:खान्त नाटकको उद्देश्य थियो' भन्ने भनाइ नै विरेचनका धार्मिक व्याख्याता गिल्वर्ट मोरेको थियो।

यसरी विभिन्न अडकलको आधारमा अरस्तूको 'विरेचन' शब्दको धार्मिक अर्थ लगाए पनि साहित्यिक चेतना र दार्शनिक विद्वत्ताले खारिएका अरस्तूले विरेचनको केवल धार्मिक अर्थ लगाएका थिए भन्न सकिन्न।

(२) नैतिक व्याख्या

अरस्तूको यही 'विरेचन' शब्दलाई लिएर जर्मन विद्वान् बारनेज नैतिक व्याख्या गर्दछन्। उनको भनाइमा- 'मानवमन अनेकौं मनोविकारद्वारा ग्रसित हुन्छ र यिनीहरू मध्ये

त्रास र करुणा नै प्रमुख छन् ।' मूलतः यी दुवै मनोविकार दुःखद हुन्छन्, जुन दुःखले मानव हृदयलाई सदा सर्वदा व्यथित र पीडित बनाइरहेको हुन्छ, तर दुःखान्त नाटकको माध्यम–बाट उद्‌बुद्ध त्रास र करुणाको समन्वित परिणतिले मनमा रहेका सबै विकार–हरूलाई विरेचित गरिदिन्छ र यसको फलस्वरूप मानसिक सामञ्जस्यको स्थापना हुन्छ । यसरी अरस्तूद्वारा प्रयुक्त विरेचन शब्दको आशयलाई धार्मिक व्याख्याले भन्दा नैतिक व्याख्याले बढी निर्वहण गर्न खोजेको बुझिन्छ ।

नैतिक व्याख्यालाई अर्को शब्दमा मनोवैज्ञानिक व्याख्या पनि मानिएको छ । मनोवैज्ञानिक चिकित्सा प्रणालीले नवीन प्रयोगको रूपमा अँगालेको 'उन्मुक्त–विचार-प्रवाह–प्रणाली' को आधा–रमा मानसिक रोगीहरूलाई गरिने उपचार पद्धतिलाई पनि विरेचन सिद्धान्तमा नै आधारित मानिएको छ र यस प्रणालीले विरेचनलाई मान–सिक विरेचनको रूपमा मान्दछ ।

३ कलात्मक व्याख्या

जर्मन साहित्यकार गेटे तथा अन्य स्वच्छन्दतावादी कवि एवम् साहित्य–कारहरूले अरस्तूको विरेचन शब्दलाई कलापरक रूपमा व्याख्या गरेका छन् । गेटे मानसिक विरेचनलाई समर्थन गर्छन्, तर यसलाई विरेचनको पूर्वार्ध प्रक्रिया मात्र हो भन्ने भनाइ उनको देखिन्छ । निरेचनको उत्तरार्ध वा चरम परिणति कलात्मक सन्तुष्टि नै हो भन्ने आशय गेटेको देखिन्छ ।

अरस्तूका प्रसिद्ध व्याख्याकार प्रो० सेमुअल यच्० बुचरले विरेचनको कलात्मक व्याख्यालाई अझ स्पष्ट रूपमा व्यक्तयाएका छन्– 'यो (विरेचन) केवल मनोविज्ञान वा चिकित्सा शास्त्रको एक पद्धति वाचक शब्द नभएर कला–सिद्धान्तको अभि-व्यञ्जक हो । यसरी बुचरको भनाइ-बाट के कुरा स्पष्टिन्छ भने कलाको माध्यमले मनलाई शान्त एवं स्वस्थ गराउनु र आनन्द प्राप्त गर्नु नै विरे-चनको अर्थ हो । जसरी गेतेले मान–सिक विरेचनलाई विरेचनको पूर्वार्ध प्रक्रिया मानेका छन्, त्यसै गरी बुचर पनि मानसिक सन्तुलनलाई विरेचनको पूर्व भाग मात्र मान्दछन् । र कलात्मक परिष्कार नै यसको (विरेचनको) चरम परिणति हो भन्ने दृढ धारणा व्यक्त गर्दछन् ।

बुचरको यस व्याख्याबाट विरेचनको क्षेत्र विस्तृत र व्यापक हुन्छ। निश्चय नै यसै व्याख्याको आधारमा विरेचन शब्दको साहित्यिक महत्त्वको विशिष्ट प्रकाशन हुनुका साथ यसको सुसंगठित रूप–निर्माण पनि सम्भव देखिन्छ। तर के यी सबै व्याख्याको अवधारण अरस्तूको मानसपटमा रेखाङ्कित थियो भन्ने प्रश्नले गर्दा हामीलाई बुचरको विरेचन सिद्धान्तको व्याख्याप्रति पुनर्विचार गर्नु पर्ने बाध्यताको सिर्जना गराउँछ। भनाइको आशय के चाहिं होइन भने– बुचरको व्याख्यामा युक्तिको अभाव र अपूर्णताको द्योतक रूप देखिन्छ। हुन सक्छ बुचरको व्याख्याले विरेचन–सिद्धान्त–लाई अझ सय्यौं वर्ष स्थायी र व्यापक बनाओस् तथापि यिनको व्याख्यालाई विरेचन प्रति अरस्तूको अवधारणा सम्बन्धी औचित्यको सन्दर्भमा अति व्याख्या नै मान्न सकिन्छ।

बुचरको उपर्युक्त व्याख्या माथि विचार गर्दै भारतीय विद्वान डा० नगेन्द्र भन्दछन्– 'उनको (बुचरको) अनुसार विरेचनको दुई प्रकारको अर्थ छ–एक अभावात्मक अर्को भावात्मक। मनोवेगहरूको उत्तेजक एवम् त्यसको शमनद्वारा उत्पन्न मनः शान्ति विरेचनको अभावात्मक पक्ष हो भने त्यस पछिको कलात्मक परितोष भावात्मक पक्ष। तर पछिल्लो पक्ष वा भावात्मक पक्ष अरस्तूको विरेचन शब्दको परिधि भन्दा बाहिरको देखिन्छ। यस विचारले के दर्शाउँछ भने डा० नगेन्द्र पनि अरस्तूको विरेचन शब्द भित्र कलाजन्य आस्वादनलाई अन्तर्भूत गराउन चाहन्नन्।

बिसौं शताब्दीका प्रसिद्ध आलोचक आइ०ए० रिचर्डस्ले पनि दुःखान्त नाटकको प्रसङ्गमा दुई विरोधि भाव वा त्रास र करुणाको समन्वितिबाट जन्मेको व्यवस्थित अनुक्रियालाई अरस्तूको विरेचन–सिद्धान्त नजीक पुर्‍याएका छन्। यसै क्रममा उनले (रिचर्डस्ले) विरेचनको व्याख्या गर्दै भनेका छन्– 'दुःखान्त नाटकद्वारा दबावको बीचबाट मुक्ति शान्ति वा सन्तुलनको जुन चेतना अनुभूत हुन्छ त्यही नै विरेचित स्थिति हो।' विरेचन सिद्धान्त माथि आफ्नो विचार व्यक्त गर्दै मिल्टनले भनेका छन्– 'भावनाहरूको योग्य मर्यादा वा सन्तुलनको निर्माण नै विरेचन शब्दको आशय हो।' यसरी बुचरको प्रारम्भ गरेको विरेचनको कलापरक अर्थले उनका उत्तरवर्ती प्रायः सबै जसो

आलोचक एवम् विचारकहरूमाथि प्रभाव पाऱ्यो। विरेचनका सम्बन्धमा अरस्तूको मूल आशयलाई प्राप्त गर्न नसकिएकाले प्राय: सबै व्याख्याको आधार अनुमान नै हो। त्यसैले अनुमानमा आधारित अति व्याख्या नै भए पनि बुचरको व्याख्या गम्भीर र विद्वत्तापूर्ण देखिन्छ। पूर्वीय काव्य सिद्धान्त अन्तर्गत रस सम्प्रदाय अभिनव गुप्तको अनुमितिवादमा आइपुगे पछिको स्थितिसँग बुचरेली विरेचन व्याख्यालाई तुलना गर्न सकिन्छ; किनभने अभिनव गुप्त पनि 'चित्त चाञ्चल्य एवम् मन क्षोभलाई नै दु:खको मूल कारण' मान्दछन् भने मन: स्थिरता एवं एकाग्रतालाई नै आनन्दको मूल आधार ठान्दछन्। यसैले डा० नगेन्द्र भन्छन्– 'बुचरेली व्याख्याले प्रदान गरेको जुन चरम एवं व्यापक अर्थमा आएर विरेचन सिद्धान्तको सीमा तोकिन्छ, रस–सिद्धान्त त्यहाँबाट पनि अग्रसर हुन्छ।' यसै कुरालाई स्पष्ट पार्दै नेपाली समालोचक वासुदेव त्रिपाठी भन्छन्– 'बुचरको कलात्मक अर्थ माने तापनि कलात्मक आनन्दको आस्वादमा पुगेर विरेचन सिद्धान्त पूर्ण हुन्छ। तैपनि रस–सिद्धान्त उद्वेगको शमन, मन: शान्ति वा कलात्मक आस्वादको अतिरिक्त पनि केही, आत्माद्वारा त्यस आनन्दको उपभोग पनि हो।'

यसरी अरस्तूको विरेचन सिद्धान्तले आफ्ना उत्तरवर्ती सबै किसिमका विचारक एवम् आलोचकहरूलाई सोच्न बाध्य गराइदियो भने त्यही सोचाइको आधारमा अनेकौं व्याख्या र उपपत्तिहरू पनि जन्मिए; तर अरस्तूको आशय यही व्याख्याको नजीक थियो भन्नेमा चाहिँ आजसम्म कुनै निश्चित आधार प्राप्त गर्न सकिएको छैन। र जसले गर्दा नै 'विरेचन' लाई लिएर आजसम्म यतिका चर्चा र उपचर्चाहरू हुन सके।

यस लेखका लागि सहायक ग्रन्थहरू–

१ अरस्तूका काव्य शास्त्र– डा० नगेन्द्र
२ आलोचक और आलोचना– डा० बच्चन सिंह
३ रिचर्डस् के आलोचना सिद्धान्त– डा० शम्भुनाथ का
४ पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा– प्रा० वासुदेव त्रिपाठी
५ मनोविश्लेषण और साहित्यालोचन– प्रो० कलिमुद्दिन अहमद

अरूणोदय

— तारानाथ गौतम

आफ्नो स्वर्णिम लालिमा क्षितिजमा फैलाउने लक्ष्यले,
आफू विश्वभरी प्रसिद्ध रहने यौटै नयाँ हर्षले,
आफैं देश–विदेशमा रुमलिंदै पैलो उषाको सँगै,
नौलो एक विहानिमा अरूणको हुँदैछ पूर्वोदय ।।

जसले नूतन वागका कुसुमका खुल्छन् नयाँ जीवनी
क्वैली फुर्फुर भै नयाँ तुजुकमा वोल्छे करोडौं ध्वनी,
सारा पर्वत श्रृङ्खलाहरू सधैं उत्साह वोकीकन,
त्यस्कै स्वागत गर्दछन् दिन दिनै खोलेर भित्री मन ।।

राजमुकुट– अमर रहोस्
श्री ५ वीरेन्द्रको
जय ! जय !! जय !!!

साल्ट ट्रेडिंग कर्पोरेशन लिमिटेड
खाद्य उद्योग (प्रा.) लिमिटेड

साहित्यका मूलभूत विधाका सापेक्षतामा अन्य–विधाको रेखाङ्‌कन

– वासुदेव त्रिपाठी

१. साहित्यका श्रव्य, दृश्य र पाठ्यरूप

साहित्यका मूलभूत विधाहरूको प्रश्नले मेरो विचार–तरङ्गलाई साहित्यकै मौलिक स्वरूपको चित्रतिर ताम्न थाल्दछ। साहित्य युगौं–युगदेखि श्रव्य र दृश्य रूपमा विभाजित हुंदै आएको हो भन्ने सम्झना साथ यस विभाजन–रेखाको अदल–बदलका साथै संमिश्रणका प्रक्रियातिर ध्यान आकर्षित हुन्छ। कविता र आख्यायिका उच्चार्य र श्रव्य विधा भएदेखि नाटक दृश्य विधा मानिएको परंपरा अवश्यै त्यतिखेर पूर्ण सार्थक देखिन्छ। तर अभिलेखन, भोजपत्र–ताडपत्र र लेखोटका युगहरू पछि साक्षरता, उट्टङ्कन र छापाखाना तथा पुस्तक–पत्रिकाको उत्तरोत्तर विकासले श्रव्य साहित्यलाई पाठ्य रूप दिएका अनुभव हुन्छ भने दृश्य साहित्यले पनि छापाखाना, पाठ्यक्रम र पाठकका उत्तरोत्तर बढ्दा सशक्त आमन्त्रणका प्रभावमा पाठ्यरूप प्रशस्त अँगालिसकेको प्रतीत हुन्छ। यति हुंदाहुंदै पनि पाठ्यरूपको जगजगीबाट मुक्त लोक साहित्यले चाहिं साहित्यका उच्चार्य–श्रव्य रूप धानिराखेको भेटिन्छ भने ध्वनि–अङ्कनको प्रविधिको आगमनको फलस्वरूप ग्रामोफोन रिकर्डदेखि टेप–युगसम्म आइपुग्दा श्रव्य रूप जागिरहेको पाइन्छ र अझ रेडियोको प्रसार शक्ति र त्यसको लोकप्रियताले गर्दा यो उच्चार्य–श्रव्य रूप अझै सुरक्षित र विकसित हुंदै जाने पूर्ण

संभाविना देखा परेको छ। जहाँसम्म दृश्य रूपको प्रश्न छ, रङ्गमञ्चले अझै यसलाई सुरक्षित राखेको पाइन्छ। अझ फोटोग्राफी, चलचित्र र दूर-दर्शन (टेलिभिजन) का विकासले गर्दा साहित्यको दृश्य रूपले पनि नयाँ जवानी भेटिराखेको अनि दृश्यकै क्रोड-भित्र श्रव्य पाठ्यरूप समेतको समावेश भइरहेको भेटिन्छ। निष्कर्षमा साहित्य आज पाठ्य, श्रव्य र दृश्य तीनवटै रूपमा सलबलाउँनुका साथै परस्पर मिश्रणका संभावनातिर अभिमुख हुँदो देखा पर्दछ।

२. पद्य र गद्यको अन्तर्मिश्रण

साहित्य पुरानै समयदेखि पद्य र गद्यमा विभक्त हुंदै आएको पाइन्छ। मुक्तक र स्फुट गीत तथा कवितादेखि बृहत्तम महाकाव्यहरूसम्म पद्यको विधा-विस्तार विस्तृत देखिन्छ। गद्य विधा चाहिं हिजो मूलतः कथा-उपकथा, आख्यान-उपाख्यान र बृहत् आख्यायिकासम्म फैलिएको थियो भने आज कथा र उपन्यासका फाँटमा व्याप्त रहेको छ। जहाँसम्म नाटकको प्रश्न छ, पूर्वीय नाट्य गद्य-पद्यमय अर्थात् चम्पू रहेको छ भने पश्चिमी नाट्यले पद्य वा गद्यको स्वतन्त्र उपयोग पनि गरेको पाइन्छ अनि हामी पनि हालसाल यस प्रवृत्तितिर पल्किसकेका छौं। जे होस्; वर्ण, मात्रा र वर्ण-मात्रा दुवैको संयोजन समेत हाम्रो संगीत-चेतनाले अँगालेको हुंदा त्यसैको नियमिततम क्रीडा हाम्रो संसार थियो भने गद्य-संसार चाहिं लय वा सङ्गीत-द्वारा अभिषिक्त भए पनि अपेक्षाकृत अनियमित स्वच्छन्द क्रीडामै रमाउँदै आएको हो। परन्तु पश्चिमका देखासिकीमा हाम्रो कविता पदयको नियमित सङ्गीत झन्कारदेखि मुक्त-स्वच्छन्द र स्वभावतः अनियमित लयको अङ्गीकारतिर उन्मुख हुँदै आएको छ र हामी पुराना पद्यका तुलनामा कविता मै पनि गद्यतिर गइरहेका छौं। अझ सङ्गीतको अङ्कन र प्रसारका साथै लोकप्रियताको विस्तारको फलस्वरूप सङ्गीत र कविताको साहचर्यको लामो इतिहास आज कुण्ठित हुँदैछ अनि कविता सङ्गीतबाट मुक्त हुने छटपटीमा देखा पर्छ। यस परिस्थितिमा कविता ललित निबन्धतिर तन्किरहेको छ अनि कथा-उपन्यास सङ्गीत वा लय-को उन्मुक्त समृद्धिका दृष्टिले कविता-तिर आइरहेका छन् र अझ निबन्ध चाहिं गद्यमय कविताको समकक्ष आसन तावदै बढिरहेको अनुभव हुन्छ। निष्कर्षमा आज गद्य र पद्यको

विभाजन रेखा अस्त-व्यस्त स्थितिमा छ र गद्य कविता तथा निबन्ध तात्त्विक दृष्टिले आफ्ना सफलताका उच्च विन्दुमा परस्पर मिसिने आतुरतामा पुगिरहेका छन् ।

३. साहित्यका अन्य-विधा

साहित्यका चिर-स्वीकृत रूप कविता, आख्यान र नाटक मात्रै हुन् तापनि काव्यात्मक, आख्यानात्मक र नाटकीय मर्यादा तथा परिधि भित्र नखुम्चिदै विशेषत: पत्र-पत्रिका र प्रसार माध्यमका आशीर्वादमा पर्याप्त अनौपचारिक र मुक्त चरित्र लिई संक्षिप्तताका साथ हुर्कंदो निबन्ध विधा पनि गद्य फाँटमा स्थापित भइसकेको अनुभव हुन्छ । यी मान्य र स्थापित विधाका अतिरिक्त पनि साहित्यमा केही नयाँ विधा टुसाउनुका साथै पलाइसकेका छन् र हामी कहाँ नभए पनि अन्यत्र मौलाउनुका साथै प्रतिष्ठित पनि भइसकेका छन् । साहित्यको वर्गीकरणमा गहिरिंदिनेहरू यी गद्य विधाहरूलाई प्रायश: 'अन्य-विधा' को संज्ञा दिन चाहन्छन् । यी अन्य विधाहरू कुन् कुन् हुन् ? जीवनी, आत्मकथा, संस्मरण, दैनन्दिनी (डायरी), यात्रा-वृतान्त, रेखाङ्कन (स्केच) र विवरणा (रिपोर्ताज) आदिवाटै 'अन्य विधा' को समष्टि-व्यक्तित्वको निर्माण हुन्छ । साहित्यका चिर प्रचलित कविता, आख्यान तथा नाटक र अझ अपेक्षाकृत नयाँ भए पनि पूर्ण-प्रतिष्ठित निबन्ध विधाका तुलनामा एक्लैमा उपर्युक्त नयाँ नाना-विधा उभिन नसके पनि 'अन्यविधा' को समष्टि-व्यक्तित्वका आधारमा कुम जोड्न सक्दछन् भन्ने प्रतीत हुन्छ र यसैमा 'अन्यविधा' को श्रेणी विभाजनको सार्थकता देखिन्छ ।

'अन्यविधा' को यो समष्टि-व्यक्तित्व कस्तो छ ? पहिलो चरित्र गद्मयता हो भने दोस्रो चरित्र आख्यानात्मकता नै हो । आख्यान साहित्य अर्थात् कथा-उपन्यास र आख्यानका दृश्य रूप नाटक मूलत: सुगठित आख्यानमा आधारित हुन्छन् भने 'अन्यविधा' ले अँगाल्ने आख्यानात्मकता खास सुगठित नहुनुका साथै खास प्राविधिक शृङ्खलाद्वारा आवद्ध पनि हुँदैन । अझ 'अन्यविधा' को आख्यानात्मकता परिकल्पना मूलक नभई भोगमूलक हुन्छ अर्थात् वस्तु सत्य र यथार्थताका साथै अझ वास्तविक जीवन-भोग वा जीवन सत्यद्वारा

उत्प्रेरित हुन्छ। त्यसैले जीवन–भोग प्रति निष्ठावान् रहनाको फलस्वरूप आख्यानात्मकता अपरिहार्य हुन्छ भने त्यो असुगठित पनि रहन जान्छ। परन्तु कथा, उपन्यास र नाटक पनि हालसाल सुगठित आख्यानबाट पर तर्किँदै वास्तविक जीवन अगठित रहे झैं अगठित हुने आतुरतामा देखा पर्दछन् भने यो विभाजन–रेखा पनि खज्मजिदो स्थितिमा देखिन्छ। जे होस्, जीवनको परिकल्पनात्मक आख्यानात्मकता नै मूलतः त्यो विभाजन रेखा हो, जसले आख्यानमूलक विधा र 'अन्य विधा' को बीचमा मोटामोटी सीमारेखा अझै स्थापित गर्दछ। 'अन्य विधा' भोगमूलक अनुभवको अभिव्यक्ति भएकाले संस्मरणात्मक हुन जान्छ अर्थात् आफ्नै या अन्य व्यक्तिको जीवनको सिङ्गै अनुभव या अनुभवखण्ड र अनुभव–क्षणको स्मृति, संज्ञना र संस्मरणकै वस्तुसत्यमय वर्णन 'अन्य–विधा' को टडकारो व्यक्तित्व ठहरिन्छ। वस्तुतः स्वयम् आफ्नै अनुभवमा आत्मकथा, दैनन्दिनी, संस्मरण र यात्रा–वृत्तान्त आधारित हुन्छन् र यी विधामा केन्द्रविन्दु 'स्वयम्' वा आफैं लेखक हुन जान्छ। यति हुँदा–हुँदै पनि आत्मकथा र दैनन्दिनी मूलतः स्वयम्मा केन्द्रित रहन्छन् भने संस्मरण र यात्रावृतान्त चाहिँ केन्द्र विन्दुमा आफू रहँदा–रहँदै पनि वर्ण्य विषयका मूलमा अर्कै व्यक्ति वा वस्तु–विषयलाई अँगाल्दै आत्मपरकताबाट प्रशस्त फैलिई वस्तुपरकतातिर जान सक्छन्। जहाँसम्म जीवनी, रेखाङ्कन र विवरणा आदिको प्रश्न छ, यी विधाहरू लेखकका आफ्ना अध्ययन र अनुभवका साक्ष्यमा अरू नै व्यक्ति वा घट्नाको वस्तुविशेषतिर उन्मुख हुन्छन् र यी विधाहरूमै पनि परिप्रेक्ष्य चाहिँ आत्मपरक स्पर्शबाटै निर्मित भएको देखिन्छ। त्यसैले 'अन्य–विधा' को समष्टि–व्यक्तित्वका सन्दर्भमा यी सबै बिधामा आत्मपरक स्पर्शको परिप्रेक्ष्य वा आफ्नै अनुभवको सेरोफेरो विदयमान रहन्छ र वर्णन आफैंमा केन्द्रित वा वस्तु–विषयतिर उन्मुख पनि रहन सक्छ भन्न सकिन्छ। यही परिप्रेक्ष्यका कारणले गर्दा लेखकको वास्तविक जीवन–भोग वा जगत–जीवनको वास्तविकता निकटताभा रहेको एक प्रकारको विश्वसनीयताको बोध 'अन्य–विधा' को खास आफ्नै प्राप्ति हो भन्ने कुरा टड्कारिन्छ। अरू यही वास्तविकताको निकटताले गर्दा साहित्यका मूलभूत विधाका तुलनामा 'अन्य-विधा' को सामग्री र

प्रविधिका साथै शक्ति केही विशिष्ट छ भने ज्यादाजसो कुण्ठित तथा सीमित पनि छ भन्ने कुरा स्वीकार्नै पर्छ ।

'अन्य-विधा' को वर्गीकरण मूलतः तीन आधारमा गर्न सकिन्छ । पहिलो वर्गीकरण के हो ? आत्मतत्त्वको व्याप्तता र आत्मपरक परिप्रेक्ष्य मैं पनि वस्तु-विषयप्रतिको उन्मुखताकै आधारमा प्रथमतः 'अन्य–विधा' को वर्गीकरण प्रकट हुन्छ । यस दृष्टिले आत्मकथा र दैनन्दिनी पूर्ण निजात्मक देखिन्छन् अनि रेखाङ्कन र विवरणा विषयोन्मुख प्रतीत हुन्छन् भने जीवनी (अरूको जीवनी–लेखन) विषयोन्मुख भएर पनि वर्ण्य व्यक्तित्वको आत्मीय रागद्वारा ओतप्रोत हुन सक्छ र संस्मरण चाहिं निजात्मक र अर्कै व्यक्ति वा घट्ना र विषयतिर अभि-मुख विषयोन्मुख पनि हुन जान्छ अनि यात्रा–वृतान्त चाहिं स्वरूपमा निजा-त्मक भएर पनि गुदीमा विषयोन्मुख नै रहेको उत्तम मानिन्छ । 'अन्य–विधा' को वर्गीकरणको दोस्रो आधार के हो ? जीवन–समग्रलाई अँगाल्ने विस्तार वा जीवन जगतको अनुभव–खण्ड वा अनुभव–क्षणलाई टिप्ने संक्षिप्ततालाई 'अन्य विधा' को वर्गीक-रणको आधार स्वीकार्न सकिन्छ । जीवनी आत्मकथा र दैनन्दिनी आफ्ना पूर्णतामा समग्रता र विस्तारतिर जाँदै नाटक, काव्य वा उपन्यासका समकक्ष बन्दछन् भने रेखाङ्कन र विवरणा चाहिं फुटकर कविता, कथा एकाङ्की र अरू निबन्ध कै जस्तो संक्षिप्ततामै पूर्णतः रमाउँदै छरितो हुन चाहन्छन् अनि संस्मरण र यात्रा–वृत्तान्त चाहिं विस्तार हुने सामर्थ्य अन्तर्निहित रहे पनि ज्यादा जसो उपर्युक्त संक्षिप्तता-मैं पूर्ण हुन मन पराउँछन् । 'अन्य–विधा' को वर्गीकरणको तेस्रो आधार के हो ? आख्यानात्मक सूक्ष्म आभास 'अन्य–विधा' को आत्मपरक स्पर्शको परिप्रेक्ष्यमा सर्वत्र व्याप्त भए पनि आख्यानात्मकताको प्रचुरता हुनामा र नहुनामा 'अन्य–विधा' को वर्गीकरणको यो आधार प्रकट हुन्छ । अरू जीवन-भोगको आख्यानात्मक अभिरूचि अग-ठित रूपमै पनि बढी छयाल्ल–ब्याल्ल हुनु र नहुनु अथवा निबन्धात्मकता प्रशस्त हुनु र नहुनुबाटै यो वर्गीकरण जन्मिन्छ । यस दृष्टिले जीवनी र आत्मकथा विशेष आख्यानमय प्रतीत हुन्छन् भने रेखाङ्कन र अरू विवरणा विशेष निबन्धात्मक देखिन्छन् अनि संस्मरण र दैनन्दिनीमा चाहिं विशेष

आख्यानमयताभित्रै पनि निबन्धात्मकता अन्तर्निहित रहन्छ र यात्रा-वृत्तान्त वा भ्रमण-वृत्तान्तमा चाहिं विशेष निबन्धात्मकताको टडकारोपन भित्र आख्यानका टुक्रा-टुक्री वा चूर्णक अन्तर्निहित रहन सक्छ। वस्तुतः विशेष निबन्धात्मकता रेखाङ्कन र विवरणाका साथै यात्रा-वृत्तान्तमा पाइए पनि आत्मपरक निबन्धको छवि चाहिं यात्रा-वृत्तान्तमैं बढी प्रकट हुन सक्छ र रेखाङ्कन तथा विवरणामा वस्तुपरक निबन्धात्मकता नै बढी सुहाउन सक्छ। लेखकको आत्मपरक जीवन-भोगकै परिप्रेक्ष्यमा जन्मेर पनि वस्तुविषयतिर उन्मुख हुनु अनि बस्तु-विषयतिरको उन्मुखतामैं पनि आत्मपरक निबन्धको आत्मीय भाव-धाराले अभिषिक्त हुनु यात्रा-वृत्तान्त वा यात्रा-निबन्धको त्यो विशेषता हो जसलाई प्रा० बालकृष्ण पोखरेल नियात्राको संज्ञा दिन चाहन्छन्। जे होस्; 'अन्य-विधा' अन्तर्गतका जीवनी, आत्मकथा, संस्मरण र दैनन्दिनीलाई कथञ्चित् "आख्यान" भित्रै गाभिदिने हो भने यात्रावृत्तान्त, रेखाङ्कन र विवरणालाई पनि कथञ्चित् 'निबन्ध' भित्रै गाभ्न सकिन्छ र 'अन्य-विधा' लाई समाप्त तुल्याइदिन पनि सकिन्छ। यस दृष्टिले पनि 'संस्मरण' का बारे-मा संभवतः आख्यान र निबन्धका बीच स्पष्टतः सीमा विवादको स्थिति आउन सक्छ भन्ने कुरा म पनि मान्दछु। तर जहाँसम्म जीवनको वास्तविक अनुभव- अध्ययनको वस्तु-तथ्यमूलक विश्वसनीय अङ्कनको लक्ष्मण-रेखाको प्रश्न छ त्यो पूरै किट्न नसके पनि अन्य विधा वा जीवन-वास्तविकतामूलक विशेष विधा (अन्य-विधा) को स्वीकारका आधार हरू भने मेरो विचारमा त्यति ज्यादा कमजोर छैनन्।

—०—

देश भक्ति त मर्दैन तुच्छै देश भए पनि,
पति भक्ति त मर्दैन पापी पति भए पनि।

– सम

"झ्यालबाट" बाट देखिएका पूर्व र पश्चिमका कथोद्भव क्रमहरू

– घनश्याम उपाध्याय

नेपाली साहित्याकाशमा छरिएका कथाहरूलाई पाश्चात्य शैली एवं अनुकरणका तादात्म्य रूपसंग तुलना गरेर नेपाली कथाको क्षेत्रलाई आधुनिकीकरण गरिएको संज्ञा दिने समालोचकगणहरू यदाकदा साना तिना रूपमा देखिए पनि नेपाली क्षितिजमा कथाको पौरस्त्य विधाकाबारेमा गहनतम अन्वेषण कर्ताको खाँचो भने विद्यमान नै थियो ।

यस समयमा के कथाको हाम्रो पौरस्त्य विधा छैन ? के विकसित कथाको आधार पाश्चात्य विधाबाट संभव छ ? के नेपाली साहित्यका आधुनिक कथा भन्दा पूर्व रहेका आर्षकालमा नै कथाको स्वरूप निणर्य छैन ? भन्ने जस्ता कुराको समाधान नेपाली साहित्य प्रेमी एवं छात्र छात्राका जनमानसमा आउँन सकेको पनि थिएन ।

यसै वखत पौरस्त्य साहित्य धारामा कथाको स्थान भएको मात्र हैन अपितु यस कथा धाराका पनि विविध उपधारा छन् भन्ने कुराको विश्लेषण सुलभ रूपमा नेपाली साहित्यान्वेषण प्रेमीका उपर 'झ्यालबाट' ले पुऱ्याएको छ ।

प्रारम्भमा पौरस्त्य जगमा धर्म र अध्यात्मका प्रचार खातिर देखिने कथा विधा यस भन्दा अघि ऋग्वेद, ब्राह्मण, आरण्यक, र उपनिषदमा सानो रूपमा एवं महाभारत र रामा-

यण कालमा विकसित र विस्तृत रूपमा देखियो भन्ने कुराको सप्रसंग व्याख्या "क्यालबाट" मा पाइन्छ। यसका साथै संस्कृतेतर बौद्ध साहित्यका अवदान र जातक, जैनका पुराण र चरिउ कथा एवं प्राकृतका कहाका संपूर्ण भागमा कथाको स्वरूपको विद्यमानताको विश्लेषणरूप परिचय दिंदै डा० वरालज्यूले आफ्नो "क्यालबाट" बाट पौरस्त्य जगमा लामो समय देखिको कथाको सनातनताको स्पष्ट एवं अडिग पक्ष अँगाल्नु भएको पाइन्छ। यस विषयमा खिृष्टाब्द पूर्व १०० देखि ५०० खिृष्टाब्दसम्मको अनुमान गरिएको जावा देखि आइसल्याण्डसम्म व्यापक भएको 'तन्त्राख्यायिका' वा पञ्चतन्त्र कथाको उल्लेखले त कथा विधाको पौरस्त्य स्वरूपको निक्यौंलमा विशेष भूमिका निभाएको छ भन्नुमा दुइ मत हुन सक्तैन। यस देखि अतिरिक्तको वृहत्कथा पनि यसका लागि बलियो प्रमाण नै छ। "मानव र मानवेतर प्राणीका असाधारण चरित्र र विस्मय मण्डित घटना विवृतिपूर्ण रचना–कथा, ऐतिहासिक एवं सत्य घट्ना श्रयी आख्यायिका, एवं छन्दोवद्ध वृत्तान्त सहितको पौराणिक इतिवृत्तक अन्तरकथाका चरित्रलाई छन्दोमय गरेमा उपाख्यान हुन्छन्" भन्ने कथा क्षेत्रका पौरस्त्य भेद वताउँदै डा० वरालज्यू– "कल्पना प्रसूत रचनालाई कथा" मान्ने अमर सिंह, "सत्य घटना श्रयी इतिवृत्तलाई कथा" मान्ने भामह. कथा र आख्यायिकाको भेदलाई कृत्रिम मान्ने दण्डी, "स्फुरत्कलालाप विलास कोमला करोति राग हृदिकौतुकाधिकम्। रसेन शय्यास्वय मभ्युपागता कथा जनस्याभिनवा बधूरिव" भन्ने वाण, "उछ्वास नभएको र यदा कदा लम्भकको विद्यमानता भएको चतुष्पदी श्लोक रचना विषेश कथा हो" भन्ने वामन, 'केहि श्लोकमा स्वेष्टदेव स्तुति पछि गुरूजन बन्दना स्वकुल वर्णन ग्रन्थकृता परिचय तथा ह्रस्वस्वर युक्त गद्यबाट नगर वर्णन पछिको विषय प्रवेश नै कथा भन्ने रूद्रट्, एवं यी सबै परिभाषाको समन्वय र भामहको मत खण्डन गर्ने विश्वनाथ प्रभृति पौरस्त्य कथा विश्लेषकको विश्लेषण दर्शाउँदै नेपाली क्षितिजको पूर्वाधार कथाको विश्लेषण दिनु हुन्छ।

यसरी पौरस्त्य दर्शनबाट कथाको सनातनता भेट्टाउँदै नेपालको आजको रूपको नवीन कथा भने अमेरिकामा १९ सौं खिृष्टीय शताब्दीतिर जन्मेर

त्यहाँ नै वयकाल एवं पुष्टता प्राप्त गर्‍यो भन्ने कुरामा 'झ्यालबाट' बाट सहमति नै मिल्छ।

तिरोहित मानवमूल्यको प्रतिस्थापनमा भएका उत्सुकता तथा बढेका कुतुहलका परिप्रेक्ष्यमा कथाको नूतन धारा बग्दो छ भन्दै डा० बरालज्यू "विशिष्ट प्रभावोत्पादनार्थ लिखित एक बसाइमा सकिने स्वयंपूर्ण इतिवृत्त जसमा त्यस प्रभावलाई अग्रसर नगराउने सारा उपकरणनिराकरण गरेको हुन्छ नै कथा हो" भन्ने एडगर एलेन पो (जो अमेरिकामा जन्मेका कथाका जनक नेथियल हर्थनका समीक्षक हुन्), "आह्लादपूर्ण कलाको रूप कथा हो" भन्ने वेल्स "कथा विचारको निरन्तर कर्मोद्योगिता र रचनाको लालित्य भन्ने इर्विङ्ग, शब्द संख्याका अभावले नभई सारा व्यर्थ उपकरणका निराकरणले कथा छोटो भएको" भन्ने जे वर्ग एसेन वाइन्, "कुनै निश्चित फलागम भएको संघर्ष विशेष वा संक्रमणमा परेका पात्रको मूलतः कलात्मक रूपले प्रणिधान गरिने इतिवृत्त कथा हो" भन्ने क्ल्याँस कोल्टेन विलियम्ज् प्रभृति विश्लेषकहरूलाई पाश्चात्य कथा विधाका दिग्दर्शकका रूपमा ओल्याउनु हुन्छ।

नेपालका परिप्रेक्ष्यमा भने पूर्व र पश्चिमका समन्वयकारी देवकोटाको "कथा एउटा सानो आँखीझ्याल हो जसबाट संसार च्याइन्छ भन्ने तर्कसंग 'झ्यालबाट' ले प्रायः सहमति नै जनाएको छ।

यसैले केही समालोचकले भाषिक क्लिष्टताका नाममा यसलाई होच्याएको देखिन्छ। तापनि आफ्नो गौरवमय परम्परा रूपी वैदिक साहित्यिक पृष्ठभूमि स्वरूपको पौरस्त्य कथाको उद्‌गम, विकास तथा पाश्चात्य कथाका उद्‌गम र विकासको चिनारी र तुलनात्मक अध्ययन एवं समन्वयात्मक नेपाली कथाको प्रादुर्भाव र कथा तथा अरू विधाको विश्लेषण एवं तिनका पृथगताका आधारहरू एउटै स्थानमा भेटिनुले डा० बरालज्यूको प्रयाश रूप झ्यालबाटले नेपाली साहित्यान्वेषण कार्यमा एउटा गह्रकिलो सिर्जनात्मक आधारकै तर्जुमा गरेको छ भन्नुमा विकल्प छैन।

भाषिक क्लिष्टताका हकमा अन्वेषणका भाषा एवं विविध पारिभाषिक शब्दावलीका स्वरूप, ज्ञान, एवं साहित्य समालोचनाका ज्ञाता तथा ज्ञानका लागि पूर्वाधार तैयार भएका

समाजका लागि नै यस्ता गवेषणा युक्त साहित्यको अविर्भाव गरिनु पर्ने हुनाले जो कोहीका सामर्थ्य देखि वाहिरका अवोध एवं कठीनतम शब्दको प्रयोग हुनु प्रखर बौद्धिकताको कसीको काम दिने महत्वपूर्ण सुकार्य नै हो भन्नु साहित्यका सर्बाङ्गिण विकासका लागि जिज्ञासु छात्रहरूको तर्फबाट उपयुक्त नै छ ।

अन्त्यमा कथा जस्तै नेपाली साहित्यका संपूर्ण विधामा यस्ता पौरस्त्य एवं पाश्चात्य फलकका दोभानले नेपाली साहित्य प्रेमी एवं विद्यार्थी जगतमा साहित्यमर्मको आधारलाई बुझन सुगम गराउँछन् भन्न सकिन्छ नै ।

~~~

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको

शुभ राज्याभिषेकको

सुखद अवसरमा

मौसूफ सरकारको

दीर्घायु तथा कीर्तिमय सुशासनको मङ्गलमय कामना गर्दछौं ।

नेपाल औद्योगिक विकास करपोरेशन

परिवार
~~~

मानवतावाद; नेपाली साहित्यको गहिराइमा

– गोविन्द खनाल

घाँस काट्न लागेको घाँसे होस् गीत गाउन लागेको गवैया होस् वा भावनाको व्याडमा विउ उमार्न कृत संकल्प कवि किन नहोस् ती सवैको चरम लक्ष्य मानवता प्राप्ति नै हो । आध्यात्मिक पक्षको त झन् मुख्य र चरम लक्ष्य नै मानवतावाद हो । तत् सम्बन्धी विषयमा धार्मिक एवं वैदिक ग्रन्थहरूले एक नयाँ प्रज्वलित मार्ग खडा गरि नै रहेका छन् । सांसारिक क्षणिक झिलिमिलिको मोहमा पसेर आफ्नो कर्तव्यलाई बिर्सिदिनाले नै मानवको सर्वनाश हुन्छ, मानवताको हत्या हुन्छ र त्यहाँबाट सतर्क भइ आफ्नो अधिकारको सदुपयोग गरी कर्तव्यमार्ग अनुसरण गरी प्राप्त अधिकारको साथ संघर्षमय जीवनमा डटेर सवैको सक्दो निःश्वार्थ सेवा गर्नु नै मानवको भविष्य उज्वल गराउने तथा अमरता प्राप्त गराउने एउटा मात्र मुख्य माध्यम हो । यसै कर्तव्यवाक्य–लाई नै मानवतावादको संज्ञा दिन सकिन्छ । वास्तवमा भन्ने हो भने मानवतावादनै मान्छेको मथिङ्गललाई परिमार्जन र उसलाई ग्राह्य र अग्राह्य विषयको बोध गराउन सक्षम हुन्छ । सामाजिक कर्तव्य र मर्यादालाई पालना गर्दै यथार्थता र आदर्शतालाई समयानुकूल हिडाउँने र वितण्डावादी सिद्धान्तलाई परित्याग गराउने काम मानवतावादले नै पुरा गर्न सक्तछ । चाहे साहित्यको समयानुसार परिवर्तन हुनमा ढिला किन नहोस् त्यसमा मानवताको अंशले छोडेको हुँदैन । यसै

साहित्यिक मानवतावादले नै योग्य र अयोग्य, सत्य र असत्य, स्तुत्य र निन्द्य, कर्तव्य र अकर्तव्य, धर्म र अधर्म, सुकर र दुष्कर आदि पक्षहरू-लाई अगाडि राखेर सामाजिक परि-स्थितिको छायामा हुर्किएको एक सदस्यलाई रोजाउने काम गर्दछ। त्यसलाई रोज्ने खूबी उसैको नैतिकता-मा निर्भर गर्दछ।

मानवतावाद के हो ? भन्ने विष-यमा विभिन्न कवि लेखकहरूले छुट्टा छुट्टै मतमतान्तर देखाएका छन्। त्यस दिशापट्टि जाँदा मार्गको दीर्घताले समात्ने हुँदा मानवताको छोटो उदा-हरण प्रस्तुत गर्न उचित ठान्छु। सुलो-चनाको यस श्लोकमा देवकोटा सम्पूर्ण मानव जगतलाई तर्जना गर्दै मानवता-वादको उदाहरण स्पष्ट र यथार्थ रूपले दिनु हुन्छ।

न सुख भो न त जीवन भो हरे
हृदयका सव आश झरी मरे
दुःख अनेकन भोग्न रूँदै रूँदै
जनम भोगि हरे।

यसरी यस वाक्यमा देवकोटा मानवतावादको राफिलो फिलिङ्गो जगाउन पहिले सन्तानको दुःख देखाउँछन् र पछि बाबुआमाले सन्तानको अनिष्ट कामना गरेको होइन भन्दै उनीहरू प्रति विश्वसनीय आश्वासन दिन चाहान्छन्–

म सुखको घर एक वनाउँला
सुमनको दिल तुल्य फुलाउँला
हृदयमा सुख नित्य दिलाउँला
अमृत जीवनका म पिलाउँला ॥

यसरी देवकोटा छोराछोरीको विद्रोही अग्निलाई बाबुआमाको शान्ति जल यसै मानवतावादी कविताबाट छर्कन खोज्दछन्।

नेपाली साहित्यको उच्च धरा-तलमा मानवतावाद मात्र नभई छाया-वाद, आदर्शवाद सम्मका विभिन्न सम्मति सूचक विधाहरूलाई स्थान नदिइएको होइन। साहित्यिक ब्रह्माण्ड भित्र गुम्सिएर बसेका कति विश्वात्म वेदनाहरू तिनै साहित्यकावादमा यदा-कदा पलाएका पनि भेटिन्छन् तिनका स्वरूप कहिले पूर्णचन्द्र जस्तो वा विकशित साहित्यको आँकडा जस्तो हुन्छ भने कहिले मेघाच्छन्न शरद् जस्तो वा जन–मानसमा नभिजेको साहित्य जस्तो खल्लो र अमिल्दो अनुभव हुन्छ। एकातिर तिनै वादले

प्रकृतिको माधुर्यको छातीमा टेक्दा उकुस मुकुस भएका ती (वादहरू) कुसुम कलिको सौन्दर्य र सुवास, विटप जगतको अनुपम हरितता अविरल गतिको झर्नाको जलप्रवाह आदिका सूचक बन्दै चरा चुरुङ्गीको मधुरताना र लुकामारीमा आफुलाई भुलाउँदै साहित्यिक वास्तविकतामा अगाडी बढ्न विर्सन्छन् भने अर्कातिर मानवताप्राप्ति जस्तो कठिन तपस्यामा

प्रकृतिको माधुर्यको छातिमा ... ... भएका वादहरू कुसुम कलिको सौन्दर्य र सुवास... ... लुकामारीमा आफुलाई भुलाउँदै ... ... अगाडि बढ्न विर्सन्छन् ... ... तपस्यामा तल्लिन हुन्छन् । यस्तो प्राकृतिक वैभिन्नता देखेर दार्शनिकहरू मौखिक आकृतिमा विभत्सता देखाउँदै ... ... दर्शनले मनमा रेखा कोरेर विश्लेषण गर्न सिकाएको थियो रे भन्दछन् ।

– सं०

तल्लिन हुन्छन् । प्रकृतिको यस प्रकारको वैभिन्नता र अनेक रूपतालाई देखेर नै दार्शनिकहरू मौखिक प्राकृतिमा विभत्सता देखाउँदै विज्ञानलाई जन्माउनु भन्दा अघि दर्शनले मनमा रेखा कोरेर विश्लेषण गर्न सिकाएको थियो रे भन्दछन् ।

आज नेपाली साहित्यमा मानवतावाद सम्बन्धी कविता, लेख, नाटक र उपन्यास आदि विधालाई अँगाल्ने कवि र लेखक वृन्दहरू अनगिन्ति भैसके तापनि यथार्थता र आदर्शता छुट्याउन सक्ने भने ज्यादै थोरै मात्र छन् । कल्पनाको जलधिमा चुर्लम्मिदै सम्झनाको शोकले अकुल बन्ने, सपनाको सौन्दर्यलाई सत्य ठान्ने, भावनाको तानामा सुरेली खेल्ने जस्ता वर्गलाई नै समाजले कवि नामले पुकाऱ्यो र तिनै विविध वर्गलाई नै समाजले दार्शनिकको नाम पनि दियो । तैपनि ती सामाजिक मान्यता अनुसार एक नम्बरमा पर्ने वर्ग मानवतावादको कसीमा घोटिन पनि तम्सिएकाले आजको नेपाली साहित्यमा मानवतावादको द्वारमा केहि बढी उज्यालो हुने सपना देख्न सकिन्छ ।

नेपाली साहित्यको वर्तमान युग त्यो जर्जरतावादी निराशा र कुण्ठाको युग होइन, राजनैतिक दलीयताले साहित्यिक मर्यादामा आँच आउने युग होइन

भर्खर मात्र धिप् धिपे बत्ति बालेको मोति र भानुको युग होइन। यो त हो परिस्कृत सुसज्जित र मार्मिक युग, सहितस्य भावको स्वतन्त्रतामा बढ्ने युग, आशा र भरोसाको युग, विश्व-वन्द्य देवकोटाको युग यसैले यस युगमा देखा परेका केहि लेखक र कविहरू आफ्नो सिद्धान्तलाई व्यक्त गर्ने प्रवृत्तिकै फलस्वरूप प्राचीन काल देखि मानिसले आत्मसात गरेको बाह्य जगत तथा वस्तुहरू सम्बन्धी आफ्ना अनुभूतिका विशिष्ट भावनालाई शब्दमा सजाएर मूर्त्याउंदै आएका छन्। हुन त कवि लेखकहरू पनि समाजका प्रत्येक घात-प्रतिघातबाट प्रभावित भइरहन्छन्। यी प्रभावितताहरू मनोविकारहरू, चित्तवृत्तिहरू र सिर्जनात्मक क्रियाका सूक्ष्म कणहरूको थेरथोर स्पष्टीकरण मनोविज्ञानबाट हुन्छ। यस्तै विभिन्न सैद्धान्तिक आस्थामा विश्वास राखेर पनि आधुनिक मानवतावादी साहित्यिक मानदण्डको स्वरूप चित्तै अवबोधको सामञ्जस्यतामा आधारित हुनु पर्ने देखिन्छ।

जुनसुकै कार्यमा पनि भावात्मक एकताको वढी महत्व हुन्छ। कार्यमा कल्पनाको भन्दा न्यायको, भावुकताको भन्दा तर्कको, हृदयको भन्दा मस्तिष्कको, इच्छाको भन्दा लगनशीलताको, सोचाइको भन्दा प्रयोगको वढी खोजी हुन्छ। यसैले पनि आधुनिक नेपाली साहित्यमा मानवतावादलाई अरू वढी दरिलो र स्थिरीलो पार्नको लागि केहि वढी जमर्को गर्नु परेको छ। यसैमा नै नेपाली साहित्यको विकाशको लागि एउटा मार्ग विवोध हुन सक्तछ। यसैमानै मानवतावादको विम्व चमकदार बन्न सक्ने छ।

खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ,
आफू मिटाई अरूलाई दिनु जहाँ छ।

महाकवि देवकोटा

सहश्र कामना

विष्णुहरि "विरही"

छौ सिंहाशनमा यहाँ जन–पिता ! नेपालका उज्ज्वल ।
सिञ्ची सिर्जन–शक्ति पावन धरा पार्दैरहे व्ल्मल ।
राजा राम सरी गरे अव तिमी नेपालको शासन ।।
राखे त्यो ध्रुव झैं सुनिश्चिल यही नेपाल–सिंहाशन ।

तिम्रै हुन् धरणी सबै वन–नदी नेपालको वैभव ।
यो भञ्ज्याङ दुइ देशको अव तिमी विस्तार गर्दै गर
खोजी कल्प–लता यहाँ अव तिमी ल्याएर सार्ने गर
नेपाली अनुहारमा अव तिमी आनन्द भर्ने गर ।

आशा या तप–विन्दु ए नयनका नानी ! यिनै धर्तिको ।
नेपाली–जन–अग्रणी ! गर तिमी संकल्प संवृद्धिको
लागे आज नरेश ! कर्म–पथमा नेपाल सप्रन्छ रे !
यद्वा हिम्मत वैलिए त अव यो वैलन्छ वैलन्छ रे !

*

निबन्ध-कलामा देवकोटा

– धनञ्जय तिमल्सिना "शास्त्री"

"यस पटक मेरो नेपाल यात्रा सफल भयो । आज मैले नेपालका एक महान् प्रतिभाको दर्शन पाएँ ।"

"महापण्डित राहुल"

निबन्धकलाबारे भन्न खोज्दा निकै ठूलो "अन्वेषण संग्रह" (*Thesis*) बन्न सक्छ र देवकोटा नै नेपाली साहित्यका *Thesis* हुन् । यसरी यी दुइटै शब्द (निबन्ध-कला र देव-कोटा) गहन छन् । जसलाई लिएर भिन्नै दुइ ग्रन्थ वन्दा पनि व्याख्या कम नै हुन्छ । यसो भन्नुको अर्थ के त भने आजसम्म निबन्ध कला र देवकोटाको विषयमा हाम्रा साहित्यि-कहरूले जति उकेले, जति चपाए, जति पढाए र जति जनाए त्यो मात्रै पर्याप्त छैन ।

नबन्धको परिभाषा दिन अझै हिचकिचाउनु पर्छ, किनकि यसको सूत्र थोरै छैन । प्रबन्ध र निबन्ध अनि लेख, आदि विभिन्न् विधाहरूका पनि हाँगा उपन्यास कथा आदि तद्वाच्य शब्द यौटै गद्यका स्वरूप हुन् । तिन-लाई हामी विभिन्न दृष्टिले हेर्छौं, तर पनि देवकोटाले स्वयं "म कहीं प्रवन्ध भित्र आफै घुसेको छु ।" भने अनुसार निवन्ध र प्रवन्धमा भेद देखिन्न । त्यसैले सानो र छोटो शब्द-मा भन्ने हो भने निवन्ध "मनको कुरो हो ।" त्यही मानसिक कल्पनाको उडानमा चन्द्रलोकमा पदार्पण गर्ने सपना देख्ने देवकोटा आजको प्रत्यक्ष यात्रासंग परिचित हुन पाए कति आनन्द मनाउँथे र अनुभव लिन्थे होलान् ? यो हामीले ठम्याउन सक्तैनौं । जे भए पनि देवकोटाको

मनको कुरो हामी उनकै निबन्धमा पाउछौं ।

"खै ! निवन्ध कलाको विश्लेषण गर्दा चन्द्रयात्राको कुरा के भनेको होला नि !" तपाईहरू यस्तै भन्नु हुन्छ कि ? तर कुरो प्रासाङ्गिकनै छ । ती नील–आर्मंष्ट्रङ्गहरू भन्दा लक्ष्मीप्रसाद देवकोटा कम बुद्धिमान् हुन् जस्तो लाग्दैन–तापनि "आभीर–देशे किल चन्द्रकान्तं त्रिभिर्वराटै र्विपणन्ति गोपा:" भने जस्तै नेपालमा देवकोटा जन्मनु विश्वसाहित्यका फुलवारीमा कीरा लाग्नु हो । किनकि–नेपालको साटो वर्डसवर्थको देशमा उनी जन्मेका भए विश्व साहित्यले अझ नौलो आभा पाउने थियो कि ? उनलाई चिन्न सक्ने विश्वमा एउटै व्यक्ति जन्मे जसलाई हामी "महापण्डित राहुल" भन्छौं । सायद समकालीन भएका भए पाश्चात्य निबन्ध कलाका उद्बोधक र कलाकार "चार्लसल्याम्ब" अनि–मिल्टन, गेटे, तथा भारतीय विख्यात कवि एवं लेखक "पन्त र निराला" आदिले पनि देवकोटालाई चिन्ने थिए होलान्, अतः नेपालमा उम्रेको फूलले मालि पाएन । उनै राहुलले भनेका थिए "नेपालका देवकोटा प्रसाद पन्त र निराला सिंगै हुन् ।" त्यसै भएर महापण्डितले नेपालका महान् प्रतिभाको दर्शन गरे ।

यो गुनासो जति गरे पनि केही नयां साहित्यिक देन दिनको लागि अव नेपालमा देवकोटा पुनः फर्किन मुश्किल छ । यसो भन्नुको तात्पर्य लक्ष्मीप्रसाद आज छैनन् होइन, छन् परन्तु उही सधैं कुहू कुहू गर्ने कोइलीको आवाजमा, "श्री गणेशाय नममा, सरिताको कलकलमा, नेपालको विशालतामा, कतै कविको रूपमा, कतै ठट्यौलो साथीको रूपमा, अनि खास गरी रोमाण्टिक निबन्धकारको हैसियतले नेपाली निबन्ध–कलामा ।

करीव ७०–७२ वर्षको नेपाली साहित्यको इतिहासमा आजसम्म चाप्लुसीको चाल खेल्ने कवि तथा लेखकहरूसंग देवकोटाले प्रतिद्वन्दी बन्न खोज्नुको सट्टा विश्व साहित्यसंग हाम्रो प्राचीन अयथार्थवादी (आदर्शवादी) साहित्यलाई भिजाउन मात्र खोजेका थिए ।

उनको ध्वनिले "–वाचक लाक्षणिक र व्यञ्जक–" यी तीन भागमा विभाजित भएर शाब्दिक पक्षबाट "वाच्य–लक्ष्य उनको कल्पना भित्र

हावाले हल्लिने बाँसको सुरिलो आवाज पहाडी झरना र कोइलीका स्वरहरूले शब्दार्थबाट उत्पन्न "अभिधा व्यन्जना र लक्षणा" आदि वृत्ति र वृत्तिभेदहरू स्वतः प्रस्फुटित गराउँथे।

अनि तिनै ध्वनि, शब्द, शब्दार्थ र वृत्तिहरू रूखको जराबाट फुटेर र पातीको प्रवाहबाट छाल लागेर निबन्धको रूपमा परिणत हुन्थे जसको प्रमाणको रूपमा हामीसंग "लक्ष्मी निबन्ध संग्रह" छ।

लक्ष्मीप्रसादले निबन्धकलालाई आफुसंगै सुत्ने तरुणी र गफ गर्ने साथी तथा मन परेको पोशाकको रूपमा स्वीकार गरेका थिए। त्यसैले उनी आफ्नो प्रबन्धलाई कोरा कल्पनाको फूल मात्र नबनाएर यथार्थवादी साहित्यको जनक र सामाजिक विश्लेषणको माध्यम तथा स्वदेश प्रेमको जननीको रूपमा प्रस्तुत गर्छन्–"पहाडी जीवन" "आषाढको पन्ध्र" तथा "के नेपाल सानो छ?" का द्वन्दात्मक उच्छ्वास भित्र। यति मात्र होइन उनको प्रत्येक निबन्धमा दर्शन छ, देश प्रेम छ, यथार्थता छ, चारूपना छ, हृदयाकर्षक–शक्ति छ, नेपालको सानो मुहार छ, नेपालीको हृदय छ, कविता छ, अनि छ नेपालको सङ्लो कीर्ति।

त्यसैले देवकोटा निबन्धमा सधैं स्वयं बोल्छन्। उनको निबन्ध–गत उद्धार, आर्यमान्यतामा हुर्किएकी नेपाल आमाको उद्धार हो।

नेपाली प्रशासकहरूले [अर्थ निर्देशित नियम भित्र रहेर पनि "गाउँ फर्क" को महत्व बुझ्न सकेनन् तर देवकोटाले २००२ साल अगि नै नेपालमा "गाउँ फर्क" को महत्व र आवश्यकता महसूस गरेका थिए। स्वयं पहाडी जीवन भित्र घुसेर। तर...? उनलाई "राहुल" ले चिने पछि मात्र देशको इज्जत् जोगाउन शिक्षा मन्त्रालय जिम्मा लगाइयो तापनि त्यस सुनको कोदालीले बाँको खने जस्तो अस्वाभाविकताले गर्दा कविको हृदयले आफु भित्रै खुम्चिनु पर्‍यो र विलाउनु पर्‍यो। उनलाई पेट भर्ने मसलामात्र नेपालले दिएको भए उनीले श्रीकृष्णले मुखभित्र संपूर्ण विश्व थुपारे जस्तै सानो नेपाल भित्र विश्वको ख्याति थुपार्ने थिए।

सोभियत संघकी एल० एन० आगानिना र कमला सांस्कृत्यायनको

एउटै उद्गार देखेर कुन चाहि चेतनशील नेपालीको हृदय नपग्लेला र उनिले भनेकी थिइन् "नेपालका देवकोटा यूरोपमा जन्मेका भए आज सम्मको विश्वसाहित्यले अझ नौलो रूप लिने थियो।" "देवकोटालाई चिन्ने मानिस नेपालमा जन्मेन अतः नेपालले आफ्नो ख्याति गुमायो" यसरी विश्वले पत्याएको देवकोटा-हृदय विशेषतः निबन्धकलामा नै अमर छ- केवल उदाहरणको रूपमा अनि एक स्मारक चिन्हको रूपमा।

नेपाल राष्ट्रको सर्वाङ्गीण विकास र नेपालीहरूको समुन्नतिका लागि
दृढप्रतिज्ञ श्रद्धेय राष्ट्रनायक
श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको
शुभराज्याभिषेकको महान राष्ट्रिय उल्लासमय दिवसको पुनीत उपलक्ष्यमा
मौसूफ सरकारको दीर्घ सुशासन, सुस्वास्थ्य र चिरायुको लागि
मङ्गलमय प्रार्थना गर्दै
मौसूफ सरकारमा श्रद्धा तथा भक्तिपूर्वक
सविनय अभिवादन चढाउँदछौं।
नेपाल विद्युत कर्पोरेशन

क्रमागतः–

हाम्रो देश–दर्शन

– योगी नरहरिनाथ

जनकपुर अञ्चलको अवशिष्ट

कौशिकले थापेर पुजेको ईश्वरका नाम कौशिश्वर भयो। यो मन्दिर अचेल वेलधारी भित्र छ कौशिक महर्षिका नामले यस प्रदेशकी प्रमुख सात नदी कानाम कौशिकी आयेका छन्– स्वर्ण कौशिकी १, ताम्र कौशिकी २, दुग्ध कौशिकी ३, अरूण कौशिकी ४, वरूण कौशिकी ५, कावेरी (कावेली) कौशिकी ६, तमोरि (तमोर) कौशिकी ७, इनै–सात कौशिकीमा सभा, शंखुवा, हाङ्देवा, नेरुवा, खिम्ती, लिखु, रोषी, पूर्णवती, इन्द्रा–वती, चौरी आदि शतरा सहायक नदीहरू मिलेर वराहक्षेत्रमा एक भयेकी छन् सातमा पनि सर्वाधिकजला दीर्घतमा अरूण कौशिकी छन र अरूण सभ्यताको मूलस्थल अरूण तट हो। सातै कौशिकी प्रदेशमा रूद्राक्षवृक्ष छन् रूद्राक्षारण्य भनिन्छ। यसै सगं मस्तक व्योम कूटमा वसेर भगवान रूद्रले यस्य निःश्वसितं वेदा यो वेदेभ्योऽखिलं जगत्। निर्ममेतमहंवन्दे विद्या तीर्थं महेश्वरम्। भनेर ऋषिमुनि जनताले शिवोपासना गर्दा सप्त कौशिकी प्रदेश समेत जनकपुर अञ्चल–लाई फूलेको फलेको देखेर भगवान् रूद्रका आँखाबाट आनन्दका आंसुका थोपा भैंमा खसे र तत्काल रूख भये र फूलेफले; अनि एक मुख देखि एक्काइस मुख सम्मका फलले शिव–भक्तका सकल मनोरथ सफल तुल्याये। आध्यात्मिक, आधिदैविक र आदि भौतिक पाप–तप रोग शोक शान्त

पारे। तब देखि गुणग्राहीहरूले रुद्राक्ष धारण गरे; रुद्राक्षमहात्म्य लेखे। रुद्रका आनन्दाश्रुबाट प्रकट भयेका विटपी र फल रुद्राक्षका नामले प्रख्यात भये र विश्वमा फैले। रुद्राक्षारण्य यसै कौशिकी प्रदेशमा छ। रुद्राक्षारण्य महात्माले इनै रुद्राक्षको महात्म्य कहन्छ। महिषासुर, रक्तवीज, शुम्भ, निशुम्भ प्रभृति असुरहरूको संहार गरेको क्षेत्रपनि भगवती र रण चण्डीको चौदण्डी आदि स्मारक यसै कौशिकी प्रदेशमा पर्छ। कालिकाको रणस्थल कालिखोकका नामले प्रख्यात छ। चण्डी सप्तशतिले "शैलोद्देशेऽति शोभने" भनियेको अतिशोभन शैलोद्देश अचेल दोलखा देखि पूर्व पट्टि शैलुङ भनियेको छ। गन्धर्वराना महाराज्ञिक पुष्पदन्तद्वारा प्रतिपादित पशुपति नाथका अष्टमूर्तिमा प्रतिवादि भयङ्कर भीमेश्वर भीमा देवीले द्विलक्ष देश दोलखावाट तीनै आँखा खोलेर नौलाख किरातलाई मात्र होइन समस्त विश्वलाई मर्यादामा राख्ने हेतुले हेरेका छन्। एवं जनकपुर अञ्चलमा शतशः अरु तीर्थ छन्।

५. वाग्मती अञ्चल

पशुपति पुराण, स्वयम्भूपुराण, वराहपुराण, हिमवत्खण्ड नेपाल महात्म्यादिद्वारा प्रतिपादित नेपाल उपत्यकामा गोरक्षक हिन्दू राष्ट्रको वर्तमान राजधानी वाग्वती (वाग्मती) अञ्चलमा छ। (वाग्वती- १) रुद्रावती २) विष्णुमती ३) मणिमती ४) हनुमती ५) इक्षुमती ६) धर्मावती ७) सप्तमती प्रदेश) र यसको नाम काष्ठमण्डप छ। शाके १२०० मा मनु राजधानी मान्म खड्ग चक्रवर्ती मलयवर्माले यौटै विशाल सालका काठैकाठले वनायेका तीनतले चारै दिशामा चार गणेश सहित शिव गोरक्ष नाथका मण्डपको नाम काष्ठ मण्डप राखियेको थियो। कैलास कूटाकृति यसै काष्ठमण्डपका राजा महेन्द्र मल्लले महेन्द्रमल्ली चाँदीका चलनी मुद्रामा पनि काष्ठमण्डपाधिपति महेन्द्रमल्लः भनेर टक मारेका थिए। काष्ठमण्डपबाट काठमंडव-काठमाडु काठमारू-मरूसतल-काठमाडौ- काठमाडौं-काठमाण्डू इत्यादि रूपेण परिणत भएको छ। नेपास संवत्सर ७७७ तिर प्रताप मल्लले राजकुल भद्राधिवास भवनका ढोकामा महान् हनुमानको स्थापना गरेर हनुमद ध्वज नेपालेश्वरको प्रशस्ति थपेथे। हनुमद् ध्वजको हनुमद्ढोज-हनुमड्ढोक हनुमान्

ढोका हुँदै हनुमान् ढोका हुन आयेको छ। विक्रम सं. १८२६ मा पृथ्वीनारायणले हनुमान ढोका वसन्तपुरमा नौ तले कैलासकूट भवन वनाये थे। विशाल नगरमा अंशुवर्मालि विशालकैलाशकूट भवन वनायेथे। गोर्खामा द्रव्यशाहदेखि अघिवाटै कैलासकूट भवन छ। ई सवै ऐतिहासिक भवनहरूको मूल आदर्श प्राकृतिक प्रतीक शिवनिवास मानसरोवरको पञ्च कैलास हो। मानदेवले पाटनमा आफ्नै नाममा मानगृह वनायेथे। मानगृहबाट मानिगल–माणिग्ल–माणिगल–यङ्गल हुँदै मङ्गल बजार भयेको छ। लिच्छवि शासनमा ॐ स्वस्ति मानग्रहात् ॐ स्वस्ति कैलास कूट भवनाद् भुवन प्रकाशज्ज्योत्स्नाव-मृष्टहिम वच्छिखर प्रदीप्तो। आसा–गरप्रसृत शुभ्र यशोध्वजानां राज्ञां कुलाम्वर शशी भुवि लिच्छवीनाम्। ॐ स्वस्ति भद्राधिवास भवनात्, इत्यादि अभिलेख पाइन्छन्। किरात शासन कालमा किरातेश्वर, पशुपति कैलास, गोकर्ण आदिमा राज भवन थिये। किरात शिल्पकला चन्दाचलका पाण्डु शिलाकरवाट उत्कृष्ट रूपमा विकशित भयेको थियो। लिच्छवि शिल्पकला गोश्रृङ्ग इन्द्रह्लद कच्छशाद्रि आदिका काला वलिष्ठ शिलाकरवाट शिल्प कला उट्टङ्कित भयेको थियो। मल्ल शिल्पकला मत्स्यग्राम हस्तिवन विशंखु चाँगु आदिका शिलाकरवाट उत्कीर्ण भयेको थियो। पृथ्वीनारायण आदि शाहशासनकालमा ती र अरु अनेक शिलाकरबाट शिल्पकलाको विकास हुँदै आयेको छ। प्रथम लिच्छवि राजा मानदेवले आमा र मामाको अर्ति तथा जनताको सहयोग लियेर चिरकाल पर्यन्त धर्मनीति पूर्वक राज्यगरेर दोलाद्रि आदिमा शुभ्रकीर्ति राखेथे। तेसैका पुण्यस्मृतिमा हाम्रा छोरा नाती सन्तति पनि मानदेव जस्तै धर्मज्ञ र लोकज्ञ वनुन् भन्ने पावन भावनाले नेपाली जातिका माता पिताले रत्नमान, मरिचमान, गुञ्जमान, गणेशमान, खड्गमान, खण्डमान, दिनेशमान आदि मानान्त नामराख्ने मौलिक स्मृति राखेका छन्। कीर्तिपुरका गोपाल वंशी नेप नाम गरेका राजाले नागराजले निवास गरेका नागह्लद वा नागदहको नाम नेपाल पारेथे। नेपबाट नेपार–नेपाड–नेपाल–नेवाल–नेवार–नेवारी– नेपारी –नेवाली– नेपाली– नैपाली– नैपाल–नयपाल इत्यादि हुन गयेको छ र नेपालमहात्म्यमा नेनाम्ना मुनिना पालितत्वात् नेपाल भन्ने पनि निर्वचन गरियेको छ। नेप गोपलाइनै नेमुनि भन्नेगरेको पनि हुन सक्तछ।

नेप गोपकी कपिला गाइले दुग्धधाराद्वारा अभिषेक गरियेका वाग्मतीतीरमा उशीर पुञ्जको उत्खनन गर्दा पञ्चानन महेश्वर पशुपतिनाथ प्रकट हुनु भयेथ्यो । यसै पाशुपत क्षेत्रमा जन्मेका महाराजिक गन्धर्व राना मगर पुष्पदन्तले (महिम्नो नापर स्तुतिः) भनियेको पशुपतिनाथको शिव महिम्नः स्तुति गरेये चौसट्ठी वर्ण र चौसठ्ठि कलाका प्रतीक प्राचीनतम चौसठ्ठि शिवलिङ्ग प्रकृष्ठ शिवाष्टक यसरी निर्दिष्ट गरेका थिये– भवः शर्वोरूद्रः पशुपति रथोग्रः सह महांस्तथा भीमेशनावति यदभिदानाष्टक मिदम् । अमुष्मिन प्रत्येकं प्रविचरति देव ! श्रुतिरपि, प्रियामास्यै धाम्ने प्रणिहितनभस्योऽस्मि भवतेः भनेर पशुपति नाथः उग्रेश्वर, रूद्रागारेश्वर, महाभारत प्रसिद्धकिराति राजा एकलव्य (पालम्वहाङ) का पालाभन्दा धेरै पहिले यसै कैलास सिद्धाचल मृगस्थलीमा, मृगयूथमा एक श्रृङ्ग मृगको दिव्य रूप धारण गरेर पशुपतिनाथले मनोहर विहार गर्नु भयेथ्यो । जस्का प्रतीक आर्यावर्त भालस्थली आर्यादेवी पार्वतीका आर्याघाटमा मृगेश्वर विरूपाक्ष र आर्यादेवीको आराधना गरिंदैछ । गौरीघाटमा स्नान गरेर यसै कैलासका उमाकुण्ड उमादेवी पार्वतीले चिरकाल पर्यन्त तपस्या गर्नु भयेथ्यो । गौरीघाटमाथि सिद्धाचलका इन्द्रकीलमा एकलव्यद्वारा स्थापित किराति जातिका कुलदेवता इनै किरातेश्वर पशुपतिनाथको तपस्या गरी तृतीय पार्थ अर्जुनले पाशुपतास्त्र पायेर कुरूक्षेत्रका युद्धमा विजय पायेथे । किरातेश्वर र अर्जुनको चरित्र अर्थान्तिर न्यासले अर्थ गौरवशाली किरातार्जुनीय महाकाव्य विशाल नगर कैलासकूटमा मानदेवका छोरी पट्टिका नाति राजकुमार भारविले लेखेर–कीर्तिः कृते यमिह भारविणा नवीना भन्ने शिला पनि लेखेथे । शौर्योत्साह पराक्रमा चयनम त्याग प्रतापार्दिभिः श्लाघ्यै स्वामिगुणैरनन्य सुलभैः संस्पर्द्धमेवान्विते । पृथ्वींपाति नरेन्द्रदेवनृपतौ वंशक्रमाभ्यागतां सन्त्यक्तस्य सुखोद्यमे परहित व्यापारनिम्नात्मनि । भनियेका र अङ्गश्रियापरि गतो जितकामरूप काञ्चीगुणाढ्य वनिताभिरूपाक्ष मानः कुर्वन सुराष्ट्रपरिपालन कार्यचिन्तां यः सार्वभौम चरित प्रकटी करोति । भनियेका लिच्छवि राजा नरेन्द्रदेवका पाला यसै सिद्धाचल मृगस्थलीमा पशुपतिनाथका अवतार शिवगोरक्षनाथले नव नागमयमेघ व्यूहमाथि पद्मासन बाँधेर द्वादशाब्दिक निर्विकल्प समाधिमा वस्नु भयेथ्यो ।

तेसैले मृगस्थली स्थली पुण्याभालं नेपाल मण्डले । यत्र गोरक्षनाथेन मेघमालासनीकृता । भन्ने अभिलेख छन र अद्यापि–सद्वर्णाः सरसाः प्रतिष्ठित पदाः सिद्धाचलांध्यासनाः सत्पुष्पा सफलाः पुराण विटपा लोकोपकारोद्यताः । किंवेदाः ? किमुपादपा घनजटाः वल्लीयुताः शाखिनो गोरक्षे कृतपल्लवाञ्जलि पुटा मुञ्चन्ति व्पुयांजलिम् ? यसै सिद्धाचलमा पाण्डुरोगं समुद्दिश्य रविगुप्तोऽ करोदिमान्– भनियेका रविगुप्तले आयुर्वेदको सारोद्धार सिद्धिसारसंहिताः अनावृष्टिरासीत् पुरा द्वादशाद्वावधिः श्रेष्ठ नेपाल पीठे यदा तु तथा पीडिताः पीनता भावहेतोः स्वकाये जना वृष्टचित्ता वभूवुः लेखेथे । त्यो वेला वृष्टिदेव मत्सेन्द्र नाथको रथयात्रा र भोटो यात्रा भयेथ्यो । अनु कल्प अद्यापि जाउलाखेलमा भोटो यात्रा हुँदैछ । शक्तिका ६४ पीठ मध्ये गुह्येश्वरीसमं पीठं नास्ति ब्रह्माण्ड गोलके भनियेको गुह्येश्वरी पीठ मृगस्थलीमा छ । मृगस्थलीमा मृग–स्थली परिभ्रम्य श्रीहिमेक परिक्षिमेत भन्ने वाला चतुर्दशी मेला मृगस्थलीमा हुँदैछ । रामोवेत्ति नलोवेत्ति वेत्तिराजा युधिष्ठिरः । अलर्कस्य धनं प्राप्य नान्यदेवो भविष्यति, भनियेका नान्यदेव दुर्दैवदेशित पथो गिरिमाविवेश । तिनैले मिथिला सिम्रौनबाट राजग्राम दोलखा– दुम्जा– पनौतिको वाटो भक्तपुरमा ल्यायेर तुलजा भवानीको प्रथम प्रतिष्ठा गरेथे । नागह्लद समुद्भूत पद्माकार गोश्रृङ्ग पर्वतमा स्वयम्भू भगवानले चिरकालपर्यन्त ध्यान गर्नु भयेथ्यो । भक्तराज प्रह्लादका पनाती वीररोचनका नाती दानवीर वलिका छोरा परम माहेश्वर प्रतापी वाणासुरले सुचिरकालसम्म पशुपति नाथको कठोर तपस्या गरेर स्वनाम्ना वाणेश्वरको स्थापना गरे र वाणगङ्गा नाम राखेर ढुङ्गे धारा लायेथे । ब्रह्माका प्रपौत्र, पुलस्त्यकापौत्र, विश्रवाकापुत्र लङ्का–धिराज रावणले शिवताण्डव गर्दै पशुपतिनाथको प्रार्थना गरेर गोकर्णे–श्वरमा नौवटा शिर होमेथे । ई दुवै कुरा पशुपतिमा सुनौला र रूपौला कमल चढाउँदा लिच्छवि राजा जयदेव र राजमाता वत्सदेवीको परिचय समेत राजकवि बुद्ध कीर्तिले पशुपति नाथका पश्चिम ढोकामा स्थित शिला लेखमा यसरी लेखेथे । राजव्रावणमूर्ध पङ्क्ति शिखरव्या सक्त चूडामणिश्रेणि–सङ्ग तिनिश्चलात्मकतमा लङ्काम्पुनन्नाः पुरीम् यस्या वन्ध्य पदक्रमाः सुर शिरः श्रेणिषु ये सङ्गताः श्री वाणासुर शेखरा पशुपतेः पादाणवः पान्तुवः ।

इत्यादि सर्व धर्म समन्वयमय एवं सर्व दर्शन समन्वयमय माहेश्वर मार्गको पशुपति मत शिव धर्मशास्त्र गुणप्रिय रावव सिंहले यङ्गाल टोलमा वसेर लेखेथे। गुणप्रियोराघव सिंहनामा श्रीयङ्गलस्योत्तर येल्लके यः। भक्तपुर हनुमतीका वीरता बाल वाल्मीकिले १४ अङ्की रामाङ्क नाटिका लेखेथे। जस्मा–चतुर्दश भिरेकाङ्कीभुंवनानि चतुर्दशम् श्रीमहानाटकं घत्ते केवलं व्रह्म निर्मलम्। भनियेको छ। विश्व–नाथ उपाध्यायका सम्मतिले ललित-पुरमा ललित कलाप्रेमी सिद्धराजा सिद्धिनरसिंह मल्लले जनसहयोगद्वारा महाभारतलई मूर्तिमान वनायेर कृष्णमन्दिरको रचना विशंखुशिलाले गरेथे। भक्तपुरमा यक्ष मल्लले जनता-कै सहयोगबाट मूलकोटको निर्माण गरेथे। मानदेवकी रानीले पलाञ्चोकमा महिष मर्दिनी विजयश्रीको स्थापना गरीथिन्। पनौतिका राजा जयसिंह–राममहतले पनौतिमा तुलानारायणको स्थापना र चाँगु दोलाद्रिमा एक शिलामाथि समसुद्धिन भग्न मन्दिर-को पुनर्निर्माण पशुपतिनाथको मन्दिर–मूर्तिको पुनर्निर्माण र प्रतिष्ठा काठमाडौंका राजा जयार्जुन देव र भक्तपुरका राजा स्थिति राज मल्लको पुण्पाभिषेक तथा पट्टाभिषेक गरेर आफ्ना सन्तानलाइ पनौती र पाटनको राजपाट दियेथे। रोषी र पुण्यवतीका यसैं पनौती त्रिवेणीमा तपस्या गरेर इन्द्र र इन्द्राणीले गौतम शाप विमोचन गरी इन्द्रेश्वरको स्थापना गरेथे। उत्तर दिक्पाल धनद कुवेरले तपस्या गरेर स्वनाम्ना स्थापना गरेका धनेश्वर वनेपा नेर छन्। चण्डमुण्डलाइ खण्ड खण्ड पारेर रणचण्डी चामुण्डाले मण्डपमा विश्राम गरेको ठाउँ यही चण्डेश्वरीको मन्दिर हो। समुद्रमथनोत्थ हलाहल काल-कूटले अकालैमा सकल संसारको संहार गर्न थालदा आत्तियेका देव–दानवहरूको प्रार्थना सुनेर शरणागत वत्सल आशुतोषी भगवान पशुपतिनाथ शिवले त्यो हलाहल खप्परमा हालेर एक्कै घुट्को पारी घाटीमा राखेर दाह शान्तिका लागि त्रिशूल हातमा लियेर नील कण्ठह्लद (गोसाइकुण्ड) पुगी त्रिशूल प्रहारले त्रिशूली गण्डकी प्रकट गरेर त्रिधारा गङ्गाजल शिरमा थापी सयन गर्नु भयेको श्रावणी पूर्णिमाको पुण्यतिथि थियो। त्यो तिथिमा आज पनि देश विदेशका हज्जारौं यात्रीहरू–को विशाल त्रिशूली मूलमा लाग्दैछ र पात्र देव यात्रा हुँदैछ नीलकण्ठ ह्लददेखि पूर्वपट्टि पञ्च पोखरी छन्।

सर्वे १०८ छन् । सिद्धानां कपिलो मुनिको आसन कपिलाशन- कपिलास हुँदै कविलास भयेको छ र कुकुच्चान् पर्वतका ककुच्चा कपिलका साथमा पञ्चाननब्रह्मेश्वर विराजमान हुनुहुन्छ। प्रवृत्ते भैरवी चक्रे सर्वे वर्णा द्विजातयः। भन्ने आगममा प्रसिद्ध यसै महामण्डल नुवाकोटकी भैरवी देवीका भाकलले टुङ थ्याङलाइ वाङ ख्वायेर हालेका सुनौला छानामुनि रणवहादुर–वहादुर-दामोदर आदिले राखेको इतिहासको सुनौलो पाना गङ्गासीमा समासीत तदवसर समायात चीनाधिपोऽपि नेपाल ध्वंसनोद्य– न्मतिरति वहलान् ध्वंसितान् स्वान् विलोक्य ।अङ्केतं स्थापयित्वा शिशु भवती निपतिं शासति प्रद्भुतोऽस्मिन भैरद्युद्दाम भाव प्रकटित सुमती श्रीवहादुर साहे भन्दैछ। दुइ हातमा दुइ खड्ग मुखमा लाल हालेर यसै शल्यान कोट्की घ्याच–घ्यात् महिष मर्दिनी देवीले पृथ्वीनारायणलाई तिम्रो मनकीछ्धा, पुऱ्याइ, दियाको छ, म पनि केही माग्छु। थपि जाउ भनिथिन्। एवं नुवाकोट धादिङमा पुञ्जेश्वर समुद्रा देवी रालुका, कालिका, इन्द्राणी, जालपा, बेलकोट कालिका, मालिका गुप्तेश्वर, तारा देवी, तारकेश्वर, मनोरूपादेवी, गोरखनाथ, नृपेश्वर, महेश्वर, गणेश, वत्सला, वागीश्वरी, खरीमैधी काली केवलेश्वर, नुप्पुन्न नारायण प्रभृति ३३ कोटि देवता छन् सम्वत १८३१ माघी ।

क्रमशः

प्रेम एउटा सुनौला जञ्जीर हो
जसमा संसार आवद्ध भएको छ ।

गेटे

हास्य व्यङ्ग्य

पूरक स्वस्थानी

– भैरव अर्याल

कुमारजी आज्ञा गर्नु हुन्छ –हे अगस्त्य मुनि ! मार भनेको कामदेव हो । जसलाई कामदेवले कुमार्गबाट मनपरी दौडाउँछ, त्यसलाई कुमार भनिन्छ भनी तिमीले जो भन्यौ त्यो मनासिबै हो । तर कुमारको यो अर्थ त्यस बेला मात्र लाग्ने छ, जब सभ्यताको चरम चुलीमा पुगेको मान्छे पुनः प्राकृतिकतातिर फर्कन लाग्छ । त्यसमाथि पनि यौनिक स्वतन्त्रतातिरको प्रत्यावर्तन विकसित देश, सभ्य समाज र संभ्रान्त परिवारका कुमार कुमारीहरू नकस्सिई संभव हुंदैन । त्यसैले हे अगस्त्यमुनि ! म जस्ता कुमारहरू त्यस बेला मात्र तिमीले लगाएको परिभाषामा पुग्न सक्नेछन्, जब सागर देखि सगरमाथासम्म अनेकानेक अवतारहरू लिएर कामदेवका भान्जाभान्जीहरू पश्चिमबाट ओइरो लाग्ने छन् । हिप्पी हिप्पिनी नामधारी यी बहुभेषीहरूको बाहुल्य भएपछि वास्तविक अर्थमा दक्ष प्रजापतिको परजन्म मर्त्यमण्डलमा सार्थक हुने छ ।

कुमारजीको यो भविष्यवाणी सुनी अगस्त्यमुनि प्रश्न गर्नु हुन्छ– हे कुमारजी ! तपाईं त्रिकालदर्शी सुमार हुनुहुँदो रहेछ । तर तपाईंले मलाई स्वस्थानीको कथा बताउंदा दक्ष प्रजापतिको परजन्मबारे केही पनि सुनाउनु भएको थिएन । अहिले संयोगवस प्रशङ्ग उक्किएको बेला सो पनि सुनाइ

दिनु भए म वूढाको थोत्रो जिज्ञासा पूरा हुने थियो ।

अगस्त्यमुनिको यो प्रश्न सुनी कुमारजी आज्ञा गर्नु हुन्छ– हे महर्षि ! जब वीरभद्रले बोकाको टाउको ल्याई दक्षप्रजापतिको गिडमा गाँसेर कृत्रिम शीरजडानको कठिन शल्यक्रिया सम्पन्न गरेथे, दक्षप्रजापति जुरुक्क उठेर यताउति हेर्दै 'म्याययय' गरी कराउन थाले । उनकी विधवा भइसकेकी पत्नी विरणीले पुनः सधवा हुन पाएकोमा दुइ थोपा हर्षाश्रु नत्थसम्म झारिन् । अनि, हत्त न पत्त उनले आफ्ना पुनर्जीवित पतिलाई स्वागत गर्दै दुवाको माला के पहिराउन लागेकी थिइन्, दक्षप्रजापतिले पत्नीको हातमै थूतुनो लगेर माला चपाइ दिए । विरणी जिल्ल परी टोलाइन् । टाउको पछाडि फर्केका र खुट्टा अगाडि फर्केका उनका पतिदेव भरखरै विध्वंश भएको मण्डपमा आइमाईको गन्ध सुँघ्दै लरवरिन थाले । तर दृष्टि र गति वेग्लावेग्लैतिर फर्केकाले उनको लरवर विचित्र भयो । जव उनी शिङ उज्याएर कसैलाई हम्टन खोज्थे आफ्नै गोडाले उनलाई अर्कातिर पुग्याइदिन्थ्यो । जव उनी गोडा उफारेर दगुर्न खोज्थे आफ्नै दृष्टिले उनलाई धोका दिन्थ्यो । फलस्वरूप उनी बराबर भ्याङल्याङ भ्याङलाङ लड्थे, विरणी हात समाएर उठाउँथिन् । उठिसक्ना साथ उनी पत्नीको हात टोकी उफ्रेर भाग्न खोज्थे तर फेरि भुईंमा भ्याङल्याङ्ग पछारिन्थे र घिच्रो पसारेर म्याँ गर्थे । प्रजापतिको जिउ र अजापतिको टाउको लिएका दक्षको यो दशा देख्ता उपस्थितहरूलाई हाँस्नु र रुनु भयो । विरणीले साह्रै दिक्क भएर वीरभद्र र महाकालीसित पुनः प्रार्थना गरिन्– यसरी मान्छेलाई बोकाको टाउको जडिदिएपछि भोलिका शाखा सन्तान कस्ता होलान् त्यो विचार गरी मनुष्य जातिको भविष्य विकृतिबाट बचाइ दिनु भए हुन्थ्यो ।

तहाँ उप्रान्त हे अगस्त्यमुनि ! महाकालीले दक्षप्रजापतिकी पत्नीको माथमा हात राखी भनिन्– तिम्रा पतिले मति अनुसारको गति पाएकाले त्यसमा परिवर्तन गर्न मिल्दैन । बरु तिम्रो मातृत्वको ख्याल राखी म कतिसम्म वरदान दिन सक्छु भने तिमीले पछि पछि पाउँदै जाने सन्तानहरूमा स्वभाव बोकाकै भए पनि स्वरूप मान्छेकै रहने छ ।

यति वरदान दिएर महाकाली र

वीरभद्र अन्तर्ध्यानि भए, उप्रान्त हे अगस्त्यमुनि ! विरणीले आफ्ना अज–मुखी पतिदेवलाई डोर्याउँदै वैठकमा लगिन् र शान्तिपूर्वक वालिष्टमा विराजमान हुन अनुरोध गरिन् । तर दक्षप्रजापति कोठामा जथाभावि विघ्न विध्वंश गर्दै भौंतारिन थाले । माल–सामान भताभुङ्ग र नष्ट भ्रष्ट भई केही समय भित्रै प्रजापतिको खोपी अजापतिको खोरमा परिणत भयो । पतिदेवका थुक र पिशावले निथ्रुक्क भिजेकी विरणी साँच्चै विरहिणी भएर एउटा कुनामा घोत्लिन थालिन् । घोत्लिदा घोत्लिदै आफ्नो देशकालबाट टाढा टाढा कता कता पुगेर उनको चेतना घुम्न थाल्यो । उनी स्वयं हजारौं हजार वोकामुखी सन्तानकी आमा, हजूर आमा र जिजु आमा बनिसकि छन् । उनका सन्ततिहरू विचित्र प्रकारका देखिन्थे । उनीहरूको आँखा विकासतिर फर्केको थियो भने खुट्टा ह्रासतिर, मुख शान्ति पाठ गरि-रहेको जस्तो देखिन्थ्यो भने हात शस्त्र निर्माण गरिरहेको । समाजको यौना-चार झण्डै कुण्डै वोका बाख्राकै जस्तो थियो । आहारको तानातान र अहंको हानाहानले घरिघरिमा थरि-थरीका भित्री बाहिरी युद्धहरू हुन्थे । सबैतिर हाहाकार मच्चाउँदा बडेबडे जखमले बोकाहरू एक अर्कासित शिङ जुधाइरहेको देख्दा विरणी आफैंमा कस्याङ्ग तर्सिन् । तर्साहटले उनको तन्द्रा खुल्यो र उनले आफैंसित प्रश्न गरिन् के मेरो आगामी पुस्ताहरूको समाज त्यस्तै बोकाको समाज होओइन त ? उनी खलखलो पसिना काढेर पछारिइन् ।

*

सिर्जनात्मक कल्पनाद्दारा
सत्यको सुन्दर प्रदर्शन गर्नु नै कला हो ।

–महाकवि देवकोटा

कथा

मानसपटका नवोदित पालुवाहरू

हो, रामवहादुर लाहुर गएको आज यत्रा वर्ष भैसके । न यौटा चिट्ठी न कुनै खवर । आमोद र प्रमोद एउटा सही केन्द्र भएको मानव शरीरलाई आज उसले नीरस चैत महिनाको भग्लो रूख बनाएको छ । उसका मन

उकुसमुकुसिएर सक्सकाउँदा हुन्–मातृ वात्सल्य नपाएर अनि पत्नीसंगको संयोग र पुत्रसँगको स्नेह समेत नपाएर । ऊ खाली साहुको घरमा तल र माथि अनायासै गर्दो हो तिनै तीनौटालाई जीवनाधार सम्झेर ... ।

विहा गरेको दोश्रो दिन देखि

बद्री पोखरेल

भित्र उम्रेका ती दमित वासनाहरू भित्र भित्रै उकुस मुकुसिएर उचालिनु पछारिनु गर्दा हुन् । भावनाको सुरिलो र लामो पीडमा चच्चहुइ खेल्ने राम वहादुर आज एउटा को हो, को हो को सेवा र टहल गर्दा साँच्चै नै क्यालखानमा परेको मान्छे भन्दा कम छैन । उसका अनन्तताहरू त्यसै त्यसै

रामवहादुरसंग साहिंलीको विछोड हुन गएको थियो । तिनै बावु आमा जसले धर्मको नाममा छोरीको औंला–को पानी खाने धोको पुऱ्याएका थिए । अनि त्यो दुष्ट समाजले गर्नु पर्ने कर्तव्य पुरा गरि दिएका थिए । सामाजिक यथार्थतालाई त उनीहरूले बुझेनन् बुझेनन् त्यसमाथि रामवहादुर-

को एउटा घरको परिस्थितिमाथि पनि दृष्टि दिन सकेनन् । आफ्नी किशोरी छोरीको उमेर र प्रस्तावित ज्वाइँ रामबहादुरको उमेरमा मात्र एक पटक तेर्सो आँखा हेरेर सोचिदिएको भए सायद आज साहिँलीलाई यो मानसिक अन्तर्द्वन्द पर्ने थिएन । विवाह गरेको छैटौं वर्षमा आज भन्दा पाँच वर्ष अगाडि रामबहादुर घर आएको

आशा र उद्देश्यको ठूलो पर्वत श्रेणी जन्मिन्थ्यो साहिँलीको मानसपटमा । सामाजिक बन्धनमा जकडिनु भन्दा पति पत्नीको सहमिलनमा वनवास नै राम्रो भन्ने भावना उसमा जाग्दथ्यो । छोरालाई पढाई लेखाई गरेर आफुलाई पर्न आएको यो दुःख-को केही अंश घटाउने पक्ष पनि कहिले कहीं उसको अगाडि उपस्थित भईदिन्थ्यो ।

सबैका मानसपटमा ...... हुरि चल्थ्यो । माथि आकाश ...... उचालिन्थ्यो । मानवका दमित वासना...... वोकेर, भाव र सद्भाव मिलन र पुर्नमिलनको धागो चुडाल्दै ।

सुहाग रातको मीठो कल्पना र......वेदना र चिर वियोग थियो । उसले सोच्यो कुनै पनि प्रेमी र प्रेमिकाले ... ...आश्रय पाउँन सक्तैनन् ।

थियो । फेरि उसको जीवनमा घर र परिवारसंगको नाता टुटे सरहनै थियो ।

बाल विवाहित साहिँलीको उमेर ऐले एकाइस मात्र पुगेको थियो । पति वियोगले छटपटिएर रल्लिने अवस्था-मा उ पुगीसकेकी थिई । जसको जिम्मामा यो शरीर रहेको थियो आज त्यसको कुनै पाइलो पलासै थिएन । जीवनका आशा किरणहरू त्यसै त्यसै विलिन हुन्थे । केही गरुँला भन्ने

तर ती सबै हुरिका खरानी बन्दथे । आउँथे जान्थे कति कति ......।

भावनाको तानामा सुरेली खेलेर जिन्दगीको मीठो मिलनलाई सौहार्दता र सद्‌बन्धुतामा नचाउँन खोज्ने आज-को सामाजिक चित्रण 'यस्तो बनि सकेको थियो । धर्म र जातपातले आज मानिसमा रहेको सत्य स्वरूप र यथार्थता प्रस्फुटित हुन पाएको थिएन । मानवका कुण्ठा र अभिलाषाहरू त्यसै त्यसै उकुसमुकुसिएर स्वयंमा पछारिन्थे ।

एक अर्कालाई बुझाउने र सम्झाउने चेष्टामा लाग्ने त कुरै थिएन । सबैका मानसपटलमा एक विशाल हुरि चल्थ्यो। माथि आकाशसम्म उचालिन्थ्यो– मानवका ती दमितवासना र लुप्त सन्देश बोकेर भाव र सद्‌भाव मिलन र पुर्नमिलनको धागो चुडाल्दै ।

परिवारका चार सदस्यलाई सामान्य रूपले पेट भराउने उद्देश्यले गर्दा आज रामवहादुरको मिलनसंग साहिलीको यो गति भइरहेको छ । एउटी वूढी आमा, साहिली र शुकु (शुकदेव) यी तिनौटै प्राणीहरू त्यै विक्षिप्त आत्माको खोजीमा हिंडेका छन्, जो तिनै तिनौटा प्राणीको पेट भराउने काममा अर्कै पनि लाहुरे वनि रहेको छ। घरमा चार–चार वटा जीवन धारण गराउनु पर्ने, खाली ५ मुरी मकै मात्र हुन्थ्यो त्यै पनि राम्रो भएको वर्ष । धान पटक्कै हुंदैनथ्यो । अरू कुनै कमाउने श्रोत थिएन ।

फेरि विहे गरियो अब विस्तारै सन्तान जन्मेलान् तिनलाई के ख्वाउने ? यी आदि विभिन्न तर्कना रामवहादुरका मनमा लुकेका थिए । झन बिवाह भएको रात त उसले यिनै भावी जीवनमा बढ्दै जाने तीखा काँडाहरूलाई सम्झेर आँखा जोरेकै थिएन । विवाह भएको दिन सबै जना रमाइलोले भरपूर थिए । घरमा पाहुना पाशाको न्याङ न्याङ थियो । कसैको नयाँ दुलही हेर्ने उद्देश्य थियो त कसैको गहना पात भीड भँलो अनि चहल पहल । यी सबै देखि बाहेक रामवहादुरको मनमा चाहिं ठूलो हुरि चलिरहेको थियो । भावनाको एउटा लामो डोरिमा एउटा अभेद्य वारको सिर्जना हुन्थ्यो । त्यसलाई फोर्ने क्षमताको विकल्प कुरा उस्ले सोच्नै सकेन घर छोड्नु बाहेक । उसको मन गन्हुङ्गिन छोडेन । उ निश्चिन्त बन्नै सकेन । उसको हृदयमा एउटा कालो बादलले ढाक्यो । जसद्वारा उसका समस्त मानसिक समर्थताहरूलाई पनि अगम जलधि बनाई दियो । त्यस रातमा रामबहादुरलाई कुनै किसिमको सुख र सन्तोषको अनुभव भएन केवल पीडा र वेदना बाहेक । गृहलक्ष्मीको नव प्रवेशले पनि उस्को मनमा शान्ति ल्याउन सकेन । झन् उस्ले देख्यो एउटा महान् पर्वत जस्मा ढुङ्गै ढुङ्गा, चट्टानै चट्टान । वास्तवमा रामवहादुरको सुहागरात यै नै भएको थियो । त्यस रातको मीठो कल्पना र मिलन उस्को तीखो वेदना र चिर वियोग

थियो ।

भोलि पल्ट विहान राती नै रामवहादुर उठ्यो । छामछाम छुम छुम गरे पछि टुकि भेट्टायो अनि सिरान मुनिबाट सलाइको वट्टा झिक्यो र टुकि सल्कायो । मट्टितेल सकिइ सकेको रहेछ । वल्ल वल्ल केही बलेको थियो । फेरी वतास चले जस्तो भयो । वत्ति ध्याप्प ध्याप्प हुन थाल्यो । मार्मिकताका तीव्र वेदनाहरू र मानसिक अन्तर्द्वन्दका कराल आकृतिहरू अनि चिरपत्नी वियोगका अशोभनीय लक्षणहरू रामवहादुरका आँखा अगाडि नाच्न थाले । एक्कासी उसले हिजो मात्र घरमा पसेकी नयाँ गृहलक्ष्मीको संकना गऱ्यो । उनलाई केही भन्ने उत्कण्ठा लियो । केही अगाडि बढ्यो । फेरी उसले सोच्यो– "कुनै पनि प्रेमी र प्रेमिकाले एक अर्काको वियोग प्रति अवश्य पनि आनन्दको श्वास फेर्न सक्तैनन् ।" यो विचार अपर्कट उब्जिएकाले रामवहादुर त्यो भन्दा अगाढी वढेन । वेदना र आक्रोस अनि पीडा र दयनीयतालाई उस्ले भित्री मनको एउटा कुनामा कोच्यो । ती सबै कुरा उसले विर्सिदिए जस्तै गऱ्यो– पुनः यस स्थितिको परिवर्तन र सही स्वरूपको आविर्भाव नहुन्जेल ।

अब रामवहादुर घरदेखि धरै टाढा पुगिसकेको छ, केवल सम्पत्तिको लालसाले । उसले घरतिर कुनै वास्ता राखेको छैन ! उसलाई घरको प्रयोजन कत्ति पनि छैन । केवल साहूको भारी लादने र झिक्ने काम वाहेक । यस वेला उसले आफ्नो जीवनमा गर्नु पर्ने विशाल उद्देश्य र कर्तव्य यसैलाई संझिएको छ । यसैमा ऊ दिन पर दिन सन्तुष्ट छ ।

साहिली आफ्ना जीवनका नव रोमाञ्चकारी लाक्षणिक चिन्हहरू लिएर अघि बढिरहेकी छ । आज शुकु जन्मिएको पनि पाँच वर्ष पुरा भैसक्यो । उसप्रति पनि दमित वासनाहरू हुडलिन थाल्ने छन् एक दिन । गाउँ घरका उद्दण्ड केटाहरू साहिलीको आँखामा धुलो हाल्न तम्सन्छन् । साहिलीलाई विविध त्रास र लालसा देखाउँदछन् । वंबई र दिल्ली हाकेर उसलाई एकोहोऱ्याउने असफल चेष्टा गर्छन् । विभिन्न आश देखाउँदछन् । अनि उसका पति रामवहादुरका विपयमा भए नभएका बालक अवस्था देखिका दोषहरूलाई साहिलीका सामु राख्न खोज्दछन् । अब साहिलीलाई मेला पात जान नहुने भैसक्यो सही कुरालाई पनि पैतालामुनि लुकाउन

ऊ बाध्य भैसकेकी छ । यस विकराल स्थितिमा पनि साहिली विचलित भएकी छैन । उसले मर्यादा नाघेकी छैन । कर्तव्य बिर्सिएकी छैन, दैनिक दिनचर्यालाई भुलेकी छैन, त्यसमाथि पनि रामवहादुरसंगको पाँच–छ वर्ष अघिको मिलन र सहवासलाई टाढा ठानेकी छैन ।

साहिलीका यी दमित दिनहरूका आधार एउटै शुकु छ । उसैको मुख हेरेर साहिली आजसम्म त्यस गाउँमा बस्न सकेकी छ । त्यस परिस्थितिमा दिन बिताउन सकेकी छ र जसरी भए पनि त्यस गाउँका दुष्ट जुकाहरूसंग बच्न नसकेकी छ । शुकुका मीठो बोलीले आज उस्का हृदयमा सुमन गुच्छा चाङ लाग्छन् । जीवनमा दुर्लभ भएका वस्तु पनि ऊ सजिलैसंग पाउँन सक्ने कल्पना गर्दछे । त्यसै कल्पनाको सागरमा चुलुम्मिन्छे । यसो ऊ भित्रि मनमा सोच्दछे —... आज शुकुको जन्म भएको पुरै पाँच वर्ष भैसक्यो । ऊ उस्का सँगीहरूसंग खेल्न र डुल्न थालिसक्यो । उस्का जीवनमा घट्न सक्ने लक्षणका पूर्वाभासहरू उसले देखाउँन थाली सक्यो । उसलाई पनि बाबुको चाहना लाग्दो हो । उसका साथी उसका बाबुका विषयमा सोढा हुन् । यी कल्पना गर्दा गर्दै साहिली विचलित हुन्छे । केही सोच्नै नसक्ने स्थितिमा ऊ पुग्छे । निरुत्तरा बन्छे । झण्डै झण्डै मानिस मुर्छा पर्दा खेरिका लक्षणहरू उसका आकृतिमा देखा पर्छन् । ऊ क्षणैमा उठ्छे, क्षणैमा सुत्छे । यसबेला उसलाई न घरको वास्ता छ, न छोराको माया छ, न त पतिको सम्झना नै । यस दुःखद स्थितिमा साहिली अब अति सहनशीला देखिन्छे । तथापि उसको सहन सक्ने शक्ति बाँकी छैन । अब उसका सहने मुटु छिया छिया भएर टुक्रि सकेका छन् ।

एक्कासी घरमा एउटा नयाँ मान्छे आउँछ । साहिलीले वल्ल तल्ल उठेर अतिथिको स्वागत गर्दछे । त्यस वेला त्यसै पनि उसका आशाकिरणहरू बौराउन थाल्दछन् । मङ्गल सूचक चालचुलहरू उसका अगाडि देखा पर्न थाल्दछन् । अतिथिले एउटा चिठ्ठी उसका हातमा राखिदिन्छ उ खोलेर उसैलाई पढ्न लगाउँछे । रामवहादुरको चिठ्ठी पाएको उसले यो पहिलो पटक हो । चिठ्ठी सुन्दै जान्छे । रामवहादुर अब थोरै नै दिनमा आफ्नो अफिसबाट घर संक्रिएर फर्कन्छ रे । साहिलो शुकु र बूढी आमालाई दीर्घ-

कालको प्यार स्नेह र अभिवादन समेटेर। साहिलीका विश्वासमा आशा, भरोसा र वासनाहरू तँछाड मछाड् गर्दै बाहिर आउँन थाल्छन्। उसको मानसिक पर्वत श्रेणीलाई हल्लाउँने बतास उसका भित्रिमनमा हुनहुनाउँन थाल्दछन्। उसका आशा किरणले नयाँ पालुवा हाल्दछन्। बाहिरी आकृतिमा। अझै साहिली प्रणयप्रियताका लहलहाउँदा पालुवाहरू उसका मानसपटमा फकिफकाउ भएर हृदय चित्रलाई आह्लादित गराउँन चाहन्छे। यति हुंदा हुंदै पनि उसको वदनमण्डल शान्त र गम्भीर नै देखिन्छ।

नेपालको सर्वाङ्गीण विकास र समस्त नेपालीको
समुन्नतिको लागि दृढ प्रतिज्ञ श्रद्धेय
राष्ट्र नायक श्री ५ वीरेन्द्रको
शुभ राज्याभिषेकको उल्लासमय दिवसको पावन
अवसरमा मौसूफ सरकारमा सविनय
अभिवादन चढाउँदछ।

गुठी संस्थान

नाटक

मातृ-हृदय

– प्रा. खेमराज "केशवशरण"

महावीर आफ्नो नित्यनियम बमोजिम लतामण्डपभित्र भगवान् सूर्यको आराधना गरिरहेछन् । चराचुरुङ्गीहरूको आवाज सुनिन्छ । बीचमा श्लोक सुनिन्छ– आदिदेव नमस्तुभ्यं प्रसीद मम भास्कर
दिवाकर नमस्तुभ्यं प्रभाकर नमोऽस्तुते ।।

यसै बीच लतामण्डपभित्र कुन्तीको प्रवेश हुन्छ । कर्ण आराधनाक्रम पूरा गर्दै श्लोक पढ्छन्– "यत् करोमि यदश्नामि यज्जुहोमि ददामि यत्
यत् तपस्यामि भगवन् ! तत्करिष्ये त्वदर्पणम् ।"

कर्ण:– (कुन्तीलाई देखेर स्वगत) अहो ! यस वेला यसरी यहाँ आएकी यी नारी को होलिन् ! केश पाकिसकेका छन् तर पनि आँखामा एउटा विलक्षण ओजस्विता देखिन्छ जुन वीराङ्गनाहरूमा मात्र देख्न पाइन्छ । कता कता परिचित जस्तो पनि लागिरहेछ यो अनुहार, (कुन्तीसंग) भद्रे ! तपाईं को हुनुहुन्छ ? (चिनेर) ओ हो ! महारानी कुन्ती ! तपाईं यहाँ कसरी आउनु भयो ?"

कुन्ती:– "बाबु ! म एउटा माग लिएर आएकी छु ।"

कर्ण:– " माग, कस्तो माग ?

श्रीकृष्णकी फूपु अनि अर्जुनकी आमा आज, म सूतपुत्रसंग के कुराको आशा राख्तै हुनुहुन्छ ?"

कुन्ती:– "बाबु ! म जसरी वीर अर्जुनकी आमा हूँ त्यसरी नै सूतपुत्र कहलिएका कर्णकी पनि जननी हूँ। बाबु ! तिमी राधा-का छोरा होइनौ मेरा छोरा हौं।"

कर्ण:– "होइन, कदापि होइन । म यो मान्न कहिल्यै सक्तिन । मलमूत्र स्वयं उठाएर मेरो निमित्त नै आफ्नो तनमनधन अर्पिने ममता मयी राधा मेरी आमा होइनन् यो जुन दिन मानूँला त्यस दिन आकाश खस्ने छ । पृथ्वी उल्टिने छ।"

कुन्ती:– "कर्ण ! बाबु मेरा कुरा सुनी त देऊ । म राजा कुन्ती भोजकी छोरी हूँ । मेरो बुवाको दरबार-मा निरन्तर आदरणीय अतिथि–हरू आउने गर्दथे । म कन्या नै छंदा त्यसरी अतिथिको रूपमा आइपुग्ने विभिन्न महापुरूषहरूको सेवा गर्ने सौभाग्य मलाई प्राप्त भइरहन्थ्यो ।"

कर्ण:– "भो भो महारानी ! यी सबै कुरा मैले राम्ररी थाहा पाइ सकेको छु । हिजो मात्र श्रीकृष्णले मलाई आफ्नो रथमा बसालेर लग्नु भएको थियो र उहाँबाट मैले यी सबै कुरा सुनिसकेको छु । मलाई यस बारेमा ज्यादा सम्झाइरहनु पर्ने कुरा केही छैन । (केही क्रोधाविष्ट मुद्रामा) जब, जब यी कुरा संझिन्छु मेरा रौं ठाडा भएर आउँछन् ।"

कुन्ती:– "कर्ण ! शान्त होऊ मप्रति तिमीलाई रिस उठ्छ भने जे जति भन्नु छ भन म चुपचाप-सित सहिरहने छु । पहिले मेरा कुरा त सुन । आज यतिका वर्ष पछि वल्लवल्ल तिमीलाई आफ्नो सामु पाउँदा मेरो यो सुकिसकेको छाती पनि दूधले रसाएर आइ–रहेछ । मलाई मनको वह पोखेर हलुका हुन अवसर त देऊ ।"

कर्ण:– "हवोस् त म सुन्दछु । भन्नु होस् । अँ आज कर्णसित के माग्न आउनु भइरहेछ त्यो चाहिं सुन्न पाऊँ न ।"

कुन्ती:– "बाबु ! म आज यत्तिमाग्न आएकी छु कि तिमी मलाई आमा भनेर बोलाइदेऊ र मेरो

काखमा आइदेऊ ।"

कर्ण:– "महारानी ! तपाईंलाई यो कुरा गर्दा शरम लाग्दैन ? जुन नारीको मनले आफ्नो असहाय नवजात शिशुलाई नदीमा बगाउने बेलामा पनि अलिकति खेद-सम्म मानेन त्यो नारी आज आमा बन्ने ढोंग रचिरहिछ के यो सुहाउँदो कुरा हो ?"

कुन्ती:– "कर्ण ! "बाबु ! त्यसो नभन तिमीलाई नारी जीवनका विवशताहरूको जानकारी छैन ।"

कर्ण:– "मैले बुझें । तर यो त भन्नु होस् मेरो जीवनलाई त्यसरी अवहेलित रूपमा फालिदिने तपाईंलाई के अधिकार थियो ? (कर्णको स्वरमा क्रोधको भाव) स्पष्ट देखिन्छ) जुन आमा आफ्ना सन्तानको सर्वाङ्ग सुन्दर विकास गर्न सक्तिन त्यस्तीलाई आमा बन्ने अधिकार नै कहाँ रहन्छ ? त्यसमाथि आफुले जन्म दिएको सन्तानप्रतिको यो निर्ममता ? के यो बिर्सिसक्नु कुरा हो ?"

कुन्ती:– "बाबु ! यो बिर्सिसक्नु कुरा निश्चयै होइन । तर यति पनि त ख्याल राख नारी स्वयंको योजनाले सदा आमा बन्ने कहाँ गर्छे र ? एउटा अनियतिले कुनबेला कसबाट के गराइरहेको हुन्छ यो कसले बुझेको हुन्छ । मबाट तिमीप्रति जेजति भयो त्यसको पछिल्तिर सामाजिक मर्यादा नामको एउटा ठूलो तत्त्व छ बाबु ! यो तिमीले बुझिदिनु पर्छ । हाम्रो समाज व्यक्तिका अपराधहरूलाई सहन नगर्ने कडा विधानलाई नै आदर्श मान्दै आएको छ जसले गर्दा अनजानमा अपराधी बनेका आमाले पनि निर्दयताको बाटो अपनाउन बाध्य हुनु पर्छ । यो कुरा राम्ररी बुझेमा आज कुन्ती कर्णको सामु आमाको नाताले कसरी उभिने साहस गरिरहेकी छ त्यो तिमीले बुझ्ने छौ ।"

कर्ण:– "तर महारानी ! जे भए पनि मेरो त तपाईंले अपकारै त गर्नुभयो नि ? जन्मले क्षत्रिय भएर पनि मैले तपाईंको कस्तूतले गर्दा सूतपूत्र बनेर बाँच्नु परिरहेछ ।"

कुन्ती:– "हो बाबु ! यो कुरा म

मान्दछु । तिम्रो यो स्थिति मैले नै गर्दा हुन गएको छ । यस कुरालाई लिएर मेरो मन सदा जलिरहन्छ । कर्ण ! जुनबेला कौरव र पाण्डवहरूको धनुर्विधा-सम्वन्धी जाँच हुंदै थियो । त्यस बेला तिमीले अरूलाई हाँक दियौ । त्यसवेला कृपाचार्य र भीमसेनले तिम्रो कुल र गोत्र सोधे र तिमीलाई हीन जातिको वनाए त्यो सुनेर म वेहोश भएकी थिएं । तिमीलाई यसको के थाहा ? द्रौपदी स्वयम्वरको वेलामा पनि जव तिमी धनुष लिएर लक्ष्यवेध गर्न तयार भएका थियौ द्रौपदीले घोषणा गरिन्– "म सूतपुत्रलाई वरण गर्ने छैन ।" यो सम्वाद जब मलाई सहदेवले सुनाए त्यसबेला मेरो हृदयले अनुभव गरेको पीडा तिमीलाई कहाँ थाहा छ ! बाबु! तिमो मेरै कर्मले गर्दा सूतपुत्र बन्यौ । तर भैगयो यो सब विर्सिदेऊ र मेरो काखमा आऊ ।"

कर्णः– "अब म विस्तारो विस्तारो तपाईंको भनाई बुझ्न लागिरहेछु । आज मेरो मनको रीस किन किन यसै शान्त भइरहेछ । तर पाण्डव जननी ! म फरि तपाईंको छोरो बन्न सक्ने कुनै संभावना देख्तिन । राधाले मलाई साक्षात् जन्मदात्री आमाको स्नेह दिएर पालन पोषण गरी हुर्काएकी छन् । सूत जातिमै मेरो विवाह भइसकेको छ । यी सबै स्नेहसूत्रहरू चुडालेर कुन्तीपुत्र बन्नु मेरो लागि नितान्त असंभव छ ।"

कुन्तीः– "त्यसो नभन बाबु ! बरू म राधाको पाउ जसरी पनि मनाउंछु मेरो लागि जस्ती द्रौपदी त्यस्तै तिम्री दुलही हुने छन् । तिमी युधिष्ठिरका दाज्यू छौ । पाँचै पाण्डवहरू तिम्रो सेवा गरेर रहने छन् । यस युद्धपछि जव तिमी यस भूमण्डलका सम्राट् बन्ने छौ तब मात्र मलाई सन्तोष हुने छ । म त्यो शुभ दिन देख्न चाहन्छु कर्ण ?"

कर्णः– महारानी कुन्तीजी ! यी कुरा सुन्दा जतिसुकै मीठा भए पनि मेरो लागि यिनीहरूको कुनै अर्थ छैन । यस भूमण्डलका सम्राट् त कि युधिष्ठिर हुनेछन् कि दुर्योधन ।"

कुन्तीः– होइन कर्ण ! म त चाहन्छु

तिमी सम्राट् बन र युधिष्ठिर तिम्रो सेवामा रहुन् । अनि तिमी र कर्ण जस्ता वीर छोराकी आमा म बनिसकेपछि दुर्योधन वा अरू कसैले मेरो राज्य हरण गर्लान् भन्ने डर सदा सदाको लागि समाप्त हुनेछ ।"

कर्णः– "भइगो यसरी स्वार्थवश भएर मलाई अधर्मतिर नतान्नोस् । सारा हस्तिनापुरवासीहरूले 'सूतपुत्र' 'सूतपुत्र' भनेर मलाई उपहास गरेको वेला दुर्योधनले मलाई अङ्गदेशको राजा बनाए, भीष्म, द्रोण र विदुर जस्ता कहलिएकाहरूले मलाई तरह तरहको अपमान गर्दा पनि दुर्योधनले मलाई मित्रको सम्मान दिएका छन्, युद्ध गर्ने नगर्ने बारेमा छलफल हुँदा पनि मलाई मित्र मानेर नै युद्ध गर्ने भन्ने ठहर गरेर श्रीकृष्णलाई फिर्ता पठाइ दिए । दुर्योधनको यत्रो समादर र मित्रतालाई टुक्र्याएर म फेरि तपाईंको छोरो होऊँ । हुँ... कुन्तीजी! यो असंभव छ । अर्जुनले श्रीकृष्णसितको मित्रता तोड्न सक्लान् तर कर्ण दुर्योधनको मित्रतालाई बिर्सन सक्तैन ।"

कुन्तीः– "कर्ण ! त्यसो भए के तिमी मलाई यसै निराश पठाउँछौ ?"

कर्णः– महारानी ! म लाचार छु । अरू कुनै विकल्प देख्तिन ।"

कुन्तीः– "कर्ण ! तब के तिमी आफ्नै सहोदर भाईहरूलाई मार्छौ ? नकुल, सहदेव जस्ता सुकुमार भाईहरूमा अस्त्र प्रहार गर्न तिम्रा हात अगि सर्लान् ? भइगो कर्ण ! यो पनि तिमी गरौला । तर यो त विचार गर कर्ण ! तिमीहरू सबैलाई जन्म दिने मेरो के हाल होला त्यसबेला ?"

कर्णः– महारानी ! यो त युद्धको कुरा हो । वीर क्षत्रियहरू यस्ता कुराबाट डराउँदैनन् ।"

कुन्तीः– ! (सुंक्क सुंक्क गर्दै) बाबु! म तिम्रो पाउ पर्छु । यतातिर त हेर । आज तिम्रो सामु को आएको छ ? तिमीलाई यसको कत्ति ख्याल छैन ?" (रुन्छिन्)

कर्णः– "हो मलाई राम्ररी थाह छ । मेरो सामु कुन्तीजी हुनुहुन्छ ।

कुन्तीः– "कर्ण ! अझै तिमी यसरी तटस्थ रूपमा मलाई सम्बोधन

गरिरहेछौं ? (रून्चे स्वरमा) तिमी युद्धमा आफ्ना भाइहरूलाई मार्नुभन्दा पहिले मलाई नै मारि देऊ जसले म त्यो अवस्था देख्न बाध्य हुने नै छैन । म साक्षात् जननीको सामु पनि तिम्रो क्षत्रियत्व, धर्म-अधर्म, मैत्री जस्ता कुरा टिकीरहेको देख्ता मलाई महान् आश्चर्य लागिरहेछ । नत्र आमाको एक थोपा आँसुले नै यस्ता कुराहरूलाई कहाँको कहाँ पुऱ्याइ दिन सक्तछ । भइगो कर्ण ! तिम्रा लोकसाक्षी पिता माथि प्रकाशमान् भै हेरिरहनु भएको छ । म तिमीसंग अन्तिम याचना गर्दछु तिमी पाण्डवहरूलाई नमार्ने वचन देऊ "

कर्णः– (बोल्दैनन्) ।

कुन्तीः– "कर्ण ! बोल बाबु, जवाब देउ ।"

कर्णः– "महारानी कुन्तीजी ! भयो अब मलाई जान दिनुहोस् ।"

कुन्तीः– "कर्ण ! तिमी जान पाउँदैनौं । आफ्नी आमाको लागि यति याचना पूरा नगरी तिमी जान पाउँदैनौ ।"

कर्णः– (लामो सास फेरेर) लौ भइगो नकुल र सहदेवलाई म मार्ने छैन ।

कुन्तीः– "कर्ण ! यो कुन ठूलो कुरा भयो ? कहाँ नाबालक नकुल र सहदेव, कहाँ प्रख्यात धनुर्धारी कर्ण ! यो कुरा स्वीकार गरेर तिमोले मलाई कुन ठूलो कुरा दियौ ?"

कर्णः– "भइगो, म भीमसेनलाई पनि मार्ने छैन ।"

कुन्तीः- "कर्ण ! के ठूलो जिउडालले मात्र भीम त्यति ठुला हुन्छन् र ? उनलाई नमार्ने वचन दिएर तिमीले के दियौ ? भीम जस्ता सोझालाई मारेर तिमीलाई यसै पनि गौरव मिल्ने छैन ।"

कर्णः– महारानी ! अब भयो । मेरो मनमा नजाने के को आँधी जस्तै मच्चिरहे छ । म अब अन्तिम वचन दिन्छु म युधिष्ठिर (अकमकाउँछन्) अँ म युधिष्ठिरलाई पनि मार्ने छैन ।"

कुन्तीः– "बाबु ! केही सन्तोष त जरूर भयो । तर मेरो माग अझै

अधूर छ। म चाहन्छु तिमी अर्जुनलाई नमार।"

कर्ण:- "ओ हो! महारानी! यदि यही चाहनुहुन्छ भने मलाई आफ्नै हातले मारिदिनु होस्, त्यही वेस हुने छ। अर्जुनलाई नमार्ने वचन दिनु कर्णको लागि आत्महत्या बराबर छ। अब दुइ दिन मात्र पछि युद्ध सुरू हुनेछ। त्यो युद्ध कौरव र पाण्डवका बीच होइन कर्ण र अर्जुनका वीच हुँदैछ दुर्योधनले मेरै भरोसामा युद्धको निश्चय गरेका छन्। यो स्थितिमा म अर्जुनलाई नमार्ने वचन दिउँ त्यो भन्दा त मेरो निम्ति आफैं मर्नु निको छ। लौत महारानी! अब विदा पाऊँ।

कुन्ती:- बाबु! लौत म जान्छु (रून्चे स्वरमा) म आएथें पाण्डवहरूलाई पांचबाट छ तुल्याउंला भनेर। तर पाँचबाट चार हुने खबर लिएर फर्किंदै छु। ठीक छ बाबु! (सुँक्क सुँक्क गर्दै) अब छोराहरूले आमालाई यसै गरी सन्तोष देलान् हैन त कर्ण!

कर्ण:- (लामो सास फेर्दछन्, तर केही बोल्दैनन्)

कुन्ती:- "कर्ण! भनन, किन बोल्दैनौ?"

कर्ण:- (लामो सुस्केरा साथ) महारानी! सुन्नु होस्। म एउटा कुरा भन्छु। यदि युद्धमा अर्जुन मरे भने कर्ण पाण्डव पक्षमा संमिलित हुने छ। तर तर यो विचार व्यर्थ जस्तो लाग्छ किन कि एकै छिन जब वर्तमानको पर्दालाई चिरेर भित्र हेर्छु मलाई लाग्छ जसका सारथी श्री कृष्ण हुनुहुन्छ विजय ती अर्जुनकै हुनेछ। मैंले उनैको हातबाट मर्नु पर्ने छ। (लामो सास फेरेर ठीक छ जसो होला। अँ यदि अर्जुनले युद्धमा प्राण छोडे भने म तपाईंको छोरो होउँला। यदि मेरो नै अन्त युद्धमा भए छ भने अर्जुन छँदै छन्। पाण्डवहरू पाँचबाट छ पनि हुने छैनन् र त्यस्तै पाँचबाट चार पनि हुने छैनन्। यो निश्चित छ महारानी! अँ एउटा कुरा भनुँ भनुँ लागिरहेछ।"

कुन्ती:- "भन न कर्ण! के अन्न खोजिरहेछौ?"

कर्ण:– महारानी ! आमाको रूपमा आज तपाईंको विजय भएको छ । तपाईं जब पहिलो पटक मेरो दृष्टिको सामु पर्नु भएको थियो त्यस बेला त म रीसले त्यसै त्यसै जलिरहेको थिएं । परन्तु तपाईंको मातृत्वको सामु मेरो रिस टिक्न सकेन । महारानी ! आज मलाई जन्मदात्री आमाको भित्री हृदयमा कति शान्तिशाली स्नेह हुंदो रहेछ त्यो अनुभव भयो । आज मलाई विश्वास भइरहेछ कि कौरव र पाण्डवहरूका बीच सन्धिको सन्देश लिएर श्रीकृष्णको सट्टा यदि तपाईं र महारानी गान्धाराजी आउनु भएको भए यो युद्ध रोकिन सक्तथ्यो । मलाई आज पूर्ण विश्वास भइरहेछ कि मातृजातिको सक्रिय सेवा र सहयोग पाएर नै मानव समाज शान्ति र सुखको भागी भन्न सक्तछ । अफसोच ! यो युद्धको चर्चा भन्दा पहिले नै यस सम्बन्धदा सोचिंदो हो । (लामो सुस्केरासाथ) त्यो विधिको विधान यस्तै रहेछ । अब त युद्धका बाजा बजिरहेछन् । कालले सबैलाई आह्वान गरिरहेछ । हवोस् त जननी ज्यादै ढीलो भइसक्यो मलाई अब जान दिनु होस् । कर्णको सादर प्रणाम ।”
(पाउमा पर्छन्)

कुन्ती:– “कर्ण ! (रूंदै) बाबु ! लौ जाऊ । यस दु.खिनीलाई बिर्सिने छैनौ । भगवान्ले तिम्रो मङ्गल गरून् ।”
(दुवै जान्छन्)
(पर्दा खस्छ)

(साभार रेडियो नेपालबाट)

उद्योग, व्यापार एवं अन्य जुनसुकै क्षेत्रमा पनि अरूणोदय तपाईंको सहयोग गर्न सदा कृत–संकल्प छ ।

सम्पादकको कलमबाट

नेपाललाई "शान्ति क्षेत्र" घोषित गर्ने युवक राजाको उत्साहप्रद कदमलाई आज हामी देशका समस्त वर्ग किसान, विद्यार्थी, बुद्धिजीवी आदिले सही कदम संझिएर देशलाई उन्नतिको पराकाष्ठामा पुर्‍याँउने कुरामा आत्मसात गर्नु आजको समयको माग हो ।

यिनै जनप्रिय राजाको राज्याभिषेक नेपालको भूमिमा पूर्ण भएको छ । यद्यपि हामी देश–प्रेम र श्रीपेचलाई प्राण भन्दा प्यारो मान्नेहरुका लागि राज्याभिषेक नौलो कुरो कसरी हुन्छ र ? यस प्रश्नले हाम्रो शास्त्रीय परम्परामा एक विहङ्गम दृष्टि दिनुको उपयुक्तता देखाउँदछ । पावन हिन्दु संस्कृतिका परमसंरक्षक हिन्दुराजाको स्थायित्वलाई यी धार्मिक एवं सांस्कृतिक आधारहरुले नै परिपक्वता ल्याएको कुरा हाम्रा प्राचीन इतिहास र वैदिक परम्पराद्वारा इङ्गित छ ।

प्राचीन वैदिक कालदेखि नै राजामा निहित हुने प्रभुशक्ति मन्त्र शक्ति एवं शौर्य औदार्यादि गुणहरुको विशद चर्चा पछि राज्याभिषेक प्रसङ्गमा वेद भन्दछ–

> "आ त्वाहार्षमन्तरभूर्ध्रुवस्तिष्ठा विचाचलिः
> विशस्त्वा सर्वाताञ्छन्तु मात्वद् राष्ट्रमधिभ्रशत्"

अर्थात् "हे नृपवर ! हामी तपाईंलाई सिंहासनारुढ गराउँदछौं । तपाईंमा रहेको चाञ्चल्य दूर होस् । समस्त प्रजावर्ग तपाईंको छत्रछायामा आफ्नो गौरव अटल राख्न चाहिरहुन् । राज्य र राज्यश्री तपाईंबाट पृथक् नरहोस् । बरु तपाईंमाथि नै स्थिर भइरहोस् ।" यस अतिरिक्त राजाको

सत्यनिष्ठा प्रजारञ्जनका मीठा प्रसंगहरू अनि राजा–प्रजाको पारस्परिक विश्वासपूर्ण ;,दृष्टिको वैशद्यपनि यी नै आर्षग्रन्थमा उपलब्ध हुन्छन् ।

विशेषत: राज्याभिषेक प्रसंगका विशिष्ट कर्मविधिहरू शतपथ ब्राह्मण, गोभिल ब्राह्मण, ऐतरेयं ब्राह्मण आदिमा विशद्रुपेण चर्चा गरिएका छन् । पुरोहित, पृथक् पृथक् वेदका विद्वानहरू र चारै वर्णका प्रतिनिधिहरूले राजा र प्रजाको सर्वाङ्गीण कल्याणको लागि पूर्वाङ्ग कर्मका अतिरिक्त वैनायक शान्ति, ऐद्रीं शान्ति गर्दै पवित्र मृत्तिका लेपन गरेर स्नान गरिसकेपछि पञ्चविश (पाँचथरी पशु) का छालामा अधिष्ठित गराई विभिन्न सागर र नदनदीहरूका जल मिश्रित घडाहरूद्वारा अभिषेक गराइन्छ । यसैबेला राजाले पनि जनतालाई विश्वास दिलाएर आफू सबैको आधार बनी राष्ट्रिय विकासमा अग्रसर हुने कुरामा दृढ प्रतिज्ञ बन्दै जनताबाट सहयोगको आकांक्षा गर्दछन् ।

शास्त्रीय विधान अनुसार हाम्रा युवक राजा श्री ५ वीरेन्द्रको शुभ राज्याभिषेक पुनित एवं पावन दिवसको उल्लासमय वातावरणमा विभिन्न राष्ट्रका राष्ट्राध्यक्ष एवं प्रतिनिधिहरूको मैत्रीपूर्ण उपस्थितिमा सम्पन्न भएको छ पूर्व मेची देखि पश्चिम कालीसम्मका तथा उत्तर हिमाल देखि दक्षिण भारतसम्मका वासिन्दाहरूले मात्र नभै छागा, छहरा, पाखा, पखेराका साथै नदीनाला र पन्छीहरूका सुमधुर ध्वनिहरूले अधिराज्य अधिराज्याधिपति, अधिराज्यवासी, अधिराज्याधिपतिको प्रतिज्ञा र अभिषेकको महत्त्व गुञ्जायमान यस शुभ मुहूर्तमा एकातिर साहित्यनै बौद्धिक उन्नतिलाई परिमार्जन, परिस्कृत र परिपक्वतामा पुऱ्याउँने माध्यम हो भने अर्कातिर साहित्य नै समाजोन्नतिको दर्पण हो भन्ने कुरामा पूर्णतः सहमति जनाउँदै यो लघु प्रयास लिएर हामी हाम्रा शुभेच्छुकको सामु उपस्थित भएका छौं ।

वास्तवमा वर्तमान साहित्य क्षितिजको सिंहावलोकन गर्दा साहित्यका विभिन्न विधाहरू विधिहीन हुंदै विश्रृङ्खलित हुंदै छन् भन्नु त्यतिसारो अत्युक्ति हुँदैन नै । यस विषम साहित्यिक स्थितिलाई सन्तुलनमा ल्याउने अग्र बन्धुहरूको होप्टेमा हैंसे गर्दै हामी विद्यार्थी वर्ग आफुमा भएका असंख्य आकाँक्षाहरू, अनवरत प्रयासहरू, अतुलनीय प्रेरणाहरू, अपरिमित सहयोगहरू र अनन्त सद्भावनाहरू सँगालेर यहाँहरूको सहयोगको याचना

गै अघि बढेका छौं ।

दशौं वर्षसम्म जकडिएको बादलले ढाकेको अरूणोदयको उज्ज्वल किरणमा विभिन्न बारहरूले अवरूद्ध गरेको यस दुःखद स्थितिको संस्मरण गराउँदै यसको पूर्वरूप हामीले यहाँहरूको सामु २ महिना अघि मात्र एउटा सँगालो उपहार चढाएका थियौं । त्यसैको दोश्रो आयामको रूपमा यसको उदय भएको छ ।

नेपाली भाषाको उद्गम परिवेश र गौरवमय परम्परा संस्कृत साहित्यमै आधारित रहेको र नेपालको राष्ट्रिय गौरव संस्कृतकै परिधिमा प्रतिसर्जित भएकाले संस्कृत–संस्कृतिको उचित स्थान र विकासको लागि हामी विद्यार्थी वर्गलाई यसले जीवन वलिदान गर्नमा पनि अघि सर्न प्रेरणा दिन्छ र हामी यसको निमित्त सधैं तत्पर छौं । नेपाली साहित्य लेखनको वर्तमान स्थितिमा व्याकरणको उपेक्षा तथा अनेकता, छन्दप्रतिको वेवास्ता र लय एवं वाक्य विन्यासमा देखा परेको कृत्रिमताले गर्दा हामीलाई नाक खुम्च्याउँनु पर्ने स्थिति देखा परेको छ । जसलाई सही मार्गमा अवलम्वन गराउने आधार एउटै कुनै छ भने त्यो हो संस्कृतको उचित स्थान एवं कदर । यसको लागि सम्वन्धित सबैको कार्यमूलक वैचारिक सहयोगको अपेक्षा राख्नु हामी हाम्रो आजको राष्ट्रिय कर्तव्य ठान्छौं ।

अरूणोदयको साहित्यिक स्तरीयतामा कुनै शैथिल्य नआओस् भन्ने उद्देश्य राखी हामीले यस भित्र केही मात्रामा मात्रै पनि जुटाउँन सकेका सामलहरूलाई दुई–तीन पटक अध्ययन गरेर केही गणनीय कोटिमा राख्न उपयुक्त हुने सामग्री यहाँहरूको सामु उपस्थित गराएका छौं ।

यी सबै हाम्रो आकांक्षा र उमंगहरू फलीभूत हुनुमा अरूणोदयको वास्तविकता देखा पर्ने छ भन्ने कुरामा हामी विश्वस्त छौं । पुरानो नाम र हामी विद्यार्थीको वर्तमान स्थितिको अल्लारे कामले गर्दा यस्मा भएका केही भूलहरूलाई सहयोगी (लेखक एवं पाठक) उभयवृन्दले विद्यार्थीको लगनशीलता एवं लघु प्रयासमा लिई उत्साहवर्धन गर्नु हुने छ भन्ने कुरामा विश्वास लिंदै यहाँहरूको सहयोग र शुभेच्छामा अरूणोदय नेपाली साहित्यिक क्षितिजमा अनन्तकालसम्म देदीप्यमान भइरहने छ भन्ने कुरामा आशा राख्छौं ।

"तमसो मा ज्योतिर्गमय"

अरूणोदय साहित्यिक द्वैमासिक   का. मे. अ. द. नं. १५२/२०६

अरूणोदयका नियम:-

(१) यो पत्रिका प्रत्येक २ महिनामा प्रकाशित हुने छ ।

(२) यस पत्रिकामा प्रकाशित हुने लेखहरू राजनैतिक कुटिलताका नभई संस्कृत-संस्कृति एवं साहित्य सम्बन्धि सारगर्भित हुनु पर्ने छन् ।

(३) लेख, कविता आदि सम्पादक मण्डलले ठीक ठहर्‍याएमा मात्र प्रकाशित हुन सक्ने छन् ।

(४) कारणवस कुनै पनि रचना प्रकाशित नभए लेखकले टिकट खर्च पठाएमा फिर्ता गर्न सकिने छ ।

(५) तीन पटकसम्मको प्रकाशनमा प्रकाशित नभएका रचना अस्वीकृति ठान्नु पर्ने छ ।

(६) प्राचीन आर्षग्रन्थ तथा अरू कुनै पनि लौकिक ग्रन्थ वा व्यवहारसंग सम्बन्ध राख्ने संस्कृति तथा साहित्य सम्बन्धि लेखलाई विशेष प्रोत्साहन दिइने छ ।

मुद्रकः- मातृभूमि प्रेस, घण्टाघर   फोन नं. १३५२०